वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३६ पूर्णाङ्क ८५ | २०७४ फागुन २८ गते सोमबार | Monday, March 12, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-

सहिद सप्ताह सम्पन्न

काठमाडौं । १४ फागुनदेखि सुरुभएको सहिद सप्ताह २१ फागुनमा सम्पन्न भएको छ । नेकपा (क्रान्तिकारी माओवादी)ले ७ वटै प्रदेशका अधिकांश जिल्लामा विभिन्न कार्यक्रम गरी सहिद तथा वेपत्ता योद्धा परिवार र घाइतेयोद्धालाई सम्मान गरिएको छ ।

प्राप्त समाचार अनुसार काठमाडौंको उपत्यकामा काठमाडौं, ललितपुर, भक्तपुरको संयुक्त आयोजनामा ललितपुरको कुपण्डोलमा एक कार्यक्रम गरी सहिद तथा वेपत्ता योद्धा परिवारलाई सम्मान गरियो ।

त्यसैगरी ३ नं. प्रदेशको मकवानपुरमा पनि एक कार्यक्रमको आयोजना गरी जिल्लाका सहिद परिवारहरूलाई सम्मान गरिएको छ । १ नं. प्रदेशको ओखलढुंगा लगायतका जिल्लामा पनि २१ गते सहिद परिवारलाई सम्मान तथा अभिनन्दन कार्यक्रमहरू सम्पन्न गरिएका छन् ।

दैलेखबाट प्राप्त समाचार अनुसार सहिद सप्ताहको अन्तिम...*बाँकी ७ पेजमा*

ओली सरकारलाई देजमोको ९४ बुँदे ज्ञापनपत्र

‘माग पूरा नगरे आन्दोलन थाल्छौं’

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले राष्ट्रियता, जनतन्त्र र जनजीविकालगायतका विषयहरूलाई समेटेर तयार पारिएको ९४ बुँदे माग पत्र तथा ज्ञापन पत्र नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएको छ । मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको नेतृत्वमा गएको एक टोलीले शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री ओलीलाई उक्त ज्ञापन पत्र बुझाएको हो । ज्ञापन पत्र बुझाउँदै अध्यक्ष गजुरेलले माग पूरा नगरिए आन्दोलन थाल्ने चेतावानी दिनुभएको छ ।

जवाफमा प्रधानमन्त्री ओलीले मोर्चाले बुझाएको ज्ञापन पत्रमा समेटिएका सबै माग जायज रहेको भन्दै माग पूरा गर्न आफू र आफू नेतृत्वको सरकार प्रतिबद्ध रहेको बताउनु भयो । प्रम ओलीले अबका दिनमा यस्ता मागहरू बोकेर हिडन नपर्ने गरी सरकारले काम गर्ने पनि आश्वासन दिए । तर मोर्चा अध्यक्ष गजुरेलले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरू र सरकारको कार्यशैली हेर्दा प्रमले दिएका आश्वासन पूरा नहुने भन्दै महंगी, भ्रष्टाचारलगायतका समस्या तत्कालै हल नगरे सरकारले हनिमुन अवधि नगुजार्दै आन्दोलनको थालनी गर्ने बताउनु भएको छ ।

ज्ञापन पत्र मोर्चाका सचिव परि थापाले वाचन गरेर सुनाउनु भएको थियो । ज्ञापन पत्र बुझाउन गएको टोलीमा मोर्चाका कार्यालय सदस्यद्वय पवनमान श्रेष्ठ, कमल चौधरी, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, मोर्चाका सचिवालय सदस्य तथा कार्यालय सचिव हरिकृष्ण गजुरेल र क्रान्तिकारी पत्रकार महासंघका महासचिव केशरमणि कटुवालको पनि सहभागित रहेको थियो ।

मोर्चाले बुझाएको ज्ञापन पत्रलाई राजनीतिक वृतमा तत्कालीन नेकपा (माओवादी) समर्थित...*बाँकी ७ पेजमा*

‘दलाल पुँजीपतिवर्ग क्रान्तिको मुख्य दुश्मन हो’

काठमाडौं । सामन्ती भूस्वामित्व प्रणाली कायमै रहेको भएपनि नेपालमा नयाँ जनवादी क्रान्तिको लागि दलाल पुँजीपतिवर्ग नै मुख्य दुश्मन भएकोमा बुद्धिजीवीहरूले जोड दिएका छन् । लेखक तथा साहित्यकार मित्रलाल पंज्ञानी नेतृत्वको अखिल नेपाल लेखक संघ र इच्छुक साँस्कृतिक प्रतिष्ठानले संयुक्त रूपमा आयोजना गरेको ‘विचार र कला, सिर्जना र विमर्श’ को दोस्रो श्रृङ्खलामा आफ्ना विचारहरू प्रस्तुत गर्दै बुद्धिजीवीहरूले संशोधनवादीहरू मिलिसकेको पृष्ठभूमिमा क्रान्तिकारीहरू पनि मिल्न ढिलो गर्न नहुने धारणा व्यक्त गरेका छन् ।

लेखक तथा साहित्यकार प्रा.डा. जगदीश चन्द्र भण्डारीले पार्टी र नेताहरूले आ-आफ्नो स्वार्थनुकूल नेपाली समाजको वर्गविश्लेषण गर्ने गरेको भन्दै २८ सालको झापा विद्रोह, नेकपा चौम, जनयुद्धको नेतृत्व गरेको पार्टी र नेतृत्वले गरेको वर्ग विश्लेषण अनुसार नेपाली समाज आधारभूत रूपमा अहिले पनि त्यही ठाउँमा रहेको भए पनि तत्कालीन नेताहरूले अहिले जनवादी क्रान्ति पूरा भइसक्यो, नेपालमा पुँजीवाद आइसक्यो भन्नु आफ्नो स्वार्थनुकूलको व्याख्या भएको र त्यस्तो सोचाइ अर्ग्यानिक नभएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, ‘यस्ता छेपारे प्रवृत्तिका नेताहरू भएका कारण विभ्रमहरू पैदा हुने गरेको छ । नेपाली समाज अहिले पनि अर्धसामन्ती, अर्ध औपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा छ । नयाँ जनवादी क्रान्ति पूरा भएको छैन । नेपाली क्रान्तिको आम कार्यदिशा भनेको अहिले पनि नयाँ जनवादी क्रान्ति नै हो ।’ प्रा.डा.भण्डारीले अहिले दलाल पुँजीपतिवर्ग क्रान्तिको विरोधी शक्ति बनेर आएकोले क्रान्तिको निशानामा त्यही वर्गलाई पारिनु पर्नेमा जोड दिनुभयो । नयाँ जनवादी क्रान्ति पूरा गरी वैज्ञानिक समाजवादको दिशामा...*बाँकी ८ पेजमा*

सन्दर्भ : आठ मार्च

देशैभर सडकमा उत्रिए क्रान्तिकारी महिलाहरू

काठमाडौं । आठ मार्च अर्थात् १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर देशैभर क्रान्तिकारी महिलाहरू सडकमा उत्रिएका छन् । मोहन वैद्य‘किरण’ नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकटका महिला संगठनहरूले देशैभर संयुक्त रूपमा र्‍याली र कोणसभासहित १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाएका हुन् । लक्ष्मी मुड्भरी नेतृत्वको अनेमसंघ (क्रान्तिकारी) र बन्धु...*बाँकी ८ पेजमा*

‘वामपन्थी जनमत भजाउन ‘कम्युनिष्ट’को साइनबोर्ड’

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य सीपी गजुरेलले एमाले र माओवादी केन्द्र दुवै दक्षिण पार्टी भएकोले उनीहरूको बिचको एकता तथा गठबन्धनलाई वामपन्थी एकता वा गठबन्धन भनेर जनतामा भ्रम मात्र छरिएको दावी गर्नुभएको छ । एमाले र माके दुवैले मार्क्सवाद-लेनिनवाद-माओवादका आधारभूत सैद्धान्तिक मान्यताहरूलाई समेत परित्याग गरेर दक्षिणपन्थी बुर्जुवा पार्टीमा परिणत भइसकेकोले उनीहरूबीचको गठबन्धन वा एकतालाई वामपन्थी भनेर भन्नु जनतालाई भ्रमित तुल्याउनु मात्रै भएको विचार व्यक्त गर्नुभएको छ ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष समेत रहनु भएका नेता गजुरेलले नेपालमा कम्युनिष्ट तथा वामपन्थी जनमत निकै ठूलो रहेकोले त्यसलाई भजाएर खान मात्र एमाले-माकेले कम्युनिष्ट तथा वामपन्थी साइनबोर्ड झुण्ड्याएको आरोप लगाउनु भयो ।

२४ फागुन तथा १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित सभालाई सम्बोधन गर्दै नेता गजुरेलले वर्गमुक्ति विना शोषण, विभेद र उत्पीडनमा परेका महिलाहरूमो मुक्ति हुन नसक्ने तर्क गर्नुभयो । दशवर्षे महान जनयुद्धले उत्पीडित नेपाली महिलाहरूलाई राजनीतिको मूलधारमा स्थापित गराउन ठूलो भूमिका खेलेको चर्चा गर्दै नेता गजुरेलले तर जनयुद्धको नायक नै खलनायकमा...*बाँकी ८ पेजमा*

‘एमाले-माकेको समाजवाद ‘प्रतिक्रियावादी समाजवाद’ हो’

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले ओली र प्रचण्डले भन्ने गरेको समाजवाद वास्तविक समाजवाद नभइ दलाल पुँजीवादमा आधारित प्रतिक्रियावादी व्यवस्था भएको दावी गर्नुभएको छ । सोमबार ललितपुरको कुपण्डोलमा क्रान्तिकारी माओवादीको काठमाडौं, ललितपुर र भक्तपुरले संयुक्त रूपमा आयोजना गरेको ‘शहीद वेपत्ता परिवार सम्मान’ कार्यक्रमलाई सम्बोधन गर्दै नेता गजुरेलले यस्तो दावी गर्नुभएको हो ।

नेपालमा नयाँ ढंगले प्रतिक्रान्ति हुन पुगेको बताउँदै नेता गजुरेलले क्रान्तिको मूल नेतृत्वनै प्रतिक्रान्तिको पनि मूल नेतृत्व बन्न पुगेको कुरा बताउनु भयो । दशवर्ष लामो जनयुद्ध देशमा जनगणतन्त्र ल्याउनको लागि भएको स्मरण गर्दै नेता गजुरेलले त्यो उद्देश्य तर्फ क्रान्तिको प्रक्रियालाई अगाडि बढाएर मात्र शहीद, वेपत्ता तथा घाइते योद्धा लगायत परिवर्तनका पक्षधर जनताको सपना पुरा गर्न सकिन्छ । यसरी मात्रै साँचो अर्थमा सम्मान पनि हुन सक्छ । ‘शहीद तथा वेपत्ता योद्धाहरूको सपना पुरा गर्न हामी बाँचेकाहरूको दायित्व हो ।’ नेता गजुरेलले भन्नुभयो ।

पार्टी के.स. तथा काठमाडौं जिल्ला सचिव शारदा महतको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमलाई पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीस, शहीद तथा वेपत्ताको तर्फबाट वेपत्तायोद्धा रेणु दुलालका बुवा चन्द्रलाल दुलाल लगायतले संम्वोधन गर्नु भएको थियो ।...*बाँकी ८ पेजमा*

‘कैलाली घटनाका दोषीलाई कडा कारबाही गर’

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अनेमसंघ (क्रान्तिकारी)ले शनिबार एक वक्तव्य जारी गरी बोक्सीको आरोपमा समाजकै अगाडि एकजना युवतीमाथि गरिएको कुटपिट र ज्यादतीको घटनामा ओली नेतृत्वको सरकारको उदासिनाको विरोध एवम् भर्त्सना गरेको छ । संगठनकी केन्द्रीय अध्यक्ष लक्ष्मी मुड्भरीले वक्तव्य जारी गर्दै पीडित युवतीलाई क्षतिपूर्ति उपलब्ध गराई उनको उपचारमा यथाशिघ्र पहल गर्न र दोषीमाथि कडा कारबाही गर्न जोडदार माग गरिएको छ ।
...*बाँकी ८ पेजमा*

समृद्धि र समाजवादको नारा भ्रमपूर्ण

संघीय लोकतान्त्रिक गणतन्त्रको आवरणमा थुप्रै भ्रम आशंका भएको एक थान संविधान एक पक्ष समर्थन र अर्को पक्ष विरोधको माहोलमा घोषणा गरिएको थियो । तीनै तहको निर्वाचन पूरा भएर संविधानको कार्यान्वयन हुने अवस्था छ । संविधानमा रहेका धेरै भ्रमहरू जनसमक्ष वास्तविक रूपमा देखापरेपछि ‘हुन्छ’ भन्नेहरूको मन चिसिएको छ र ‘हुँदैन’ भन्ने मध्येका चिसै मनमा भ्रम पलाएको छ । अब सरकारको कुर्सीको अठ्याउने अवसरवादी बाहेक सबैले नै यो संविधान नहुने जातको बण्डल रहेछ भनेर बुझ्दैछन् । विद्यमान राज्यसत्ता नै भ्रममा फेरिएको हुनाले एउटा भ्रम पछि अर्को भ्रम उत्पन्न हुने गर्दछ । कम्तिमा पनि संविधानले भनेको समावेशिता के रहेछ भन्ने स्पष्ट बुझिने गरी परिणाम देखायो । समावेशिताको नाममा डन, तस्कर, भ्रष्टाचारी, अपराधीहरू नीति निर्माण गर्ने स्थानमा पुग्ने सौभाग्य पाएका छन् । पार्टी टिकट, भोट र मन्त्रीहरू खरिद गर्ने आर्थिक क्षमता सबै उत्पीडित वर्ग, जाति लिंग र पिछडिएको क्षेत्रका जनतासँग हुने कुरा पनि छैन । जो आर्थिक सम्पन्न छ, त्यो उत्पीडित अवस्थामा छैन । सबै सम्पन्न भए संविधानमा त्यस्तो स्थान बनाइ राख्नु आवश्यक नै पर्दैन । यो ने.का., एमाले र मा.के.को दल भजन समुहले संविधानमा रहेको बहुदलीयता र बहुलवादको विपरित सिमित दलको सत्ता निर्माण गर्न थ्रेसहोल्ड राख्न लगाए । आफ्ना पार्टी बाहेक अरु संसदमा नआओस् भन्ने मनसाय बोकेका यी अहंकारी पार्टीका नेताहरू अन्य पार्टी चुनावी मैदानमा नआओस् भनेर कथित लोकतान्त्रिक र वामपन्थी गठबन्धनहरू बनाए । ने.का.ले बनाएको गठबन्धनले साना पार्टीहरूलाई आकर्षित गर्न सकेन तर कथित वामगठबन्धनमा दुई पार्टी एमाले र मा.के. मिले । गरिबी उन्मुलन, स्थायी सरकार, समृद्धि र समाजवादको चुनावी राजनीतिक नारा दिएर चुनावमा निर्णायक स्थिति बनाउन सफल पनि भए । कथित बामगठबन्धनको नामले गर्दा कम्युनिष्ट समर्थक जनताले त्यसको पक्षमा मतदान गरेको देखियो । यो वास्तवमा वामपन्थीहरूको नभै दक्षिणपन्थी अवसरवादीहरूको गठबन्धन हो । वामपन्थीको नाममा भ्रम फिँजाएर आफ्नो स्वार्थ सिद्धिमा सफल भएको छ । बहुमतको...*बाँकी ८ पेजमा*

> वामपन्थीको नाममा भ्रम फिँजाएर आफ्नो स्वार्थ सिद्धिमा सफल भएको छ । बहुमतको सरकार भन्दै अझ दुई तिहाई बनाएर संविधान संशोधन गर्ने भनेर एमाले प्रति नकारात्मक रहेका संघीय समाजवादी फोरम र राजपालाई सरकारमा सामेल हुन प्रलोभन दिइरहेको छ सम्भवत: फोरम त्यसको लागि तयार पनि छ । के यो शर्त वास्तवमै पूरा हुने हो त ? यो भ्रम पछिको भ्रम हो ।

● कमल चौधरी ●

सम्पादकीय

देजमोको ९४ बुँदे ज्ञापनपत्र

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले शुक्रबार (२५ फागुन २०७४) मा नेपाल सरकारका ४१ औं प्रधानमन्त्री केपी शर्मा ओलीलाई ९४ बुँदे ज्ञापन पत्र प्रस्तुत गरेको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको नेतृत्वमा गएको टोलीले बुझाएको यो ज्ञापन पत्रलाई राजनीतिक वृतमा तत्कालीन नेकपा (माओवादी) समर्थित संयुक्त जनमोर्चाको तर्फबाट बाबुराम भट्टराईको नेतृत्वमा २२ माघ २०५२ सालमा तत्कालीन प्रम शेरबहादुर देउवालाई बुझाएको ४० बुँदे मागसँग दाँजेर हेरिएको छ ।

त्यतिबेला ती माग पुरा गर्न देउवा गम्भीर बनेनन् र २०५२ फागुन १ गते नेकपा (माओवादी)लाई जनयुद्ध घोषणा गर्न बाध्य पारियो । देजमोका अध्यक्ष सीपी गजुरेलले ज्ञापनपत्र प्रस्तुत गर्दै ९४ बुँदे माग पूरा नगरे संघर्षको थालनी गर्ने चेतावनी दिनु भएको छ । दोस्रो पटक सरकारको नेतृत्व गर्न पुगेका प्रधानमन्त्री केपी ओलीले ज्ञापन पत्र बुझ्दै मागहरू जायज भएको भन्दै फेरि यस्ता मागहरू बोकेर हिड्न नपर्ने गरी काम गर्ने आश्वासन दिएका छन् । तर विहानीले दिनको संकेत गर्छ भनेजस्तै प्रम ओलीले भनेजस्तो हुने स्थिति देखिएको छैन । र, मुलुक फेरि पनि द्वन्द्वतर्फ धकेलिने परिस्थिति विकसित भएर गइरहेको छ ।

अहिले राष्ट्रियता, जनतन्त्र र जनजीवीका समस्याहरू विकराल अवस्थामा रहेका छन् । मोर्चाले ज्ञापनपत्रको भूमिकामा उल्लेख गरेजस्तै 'नेपालको राजनीतिक इतिहासमा नेपाली जनताले ठुला-ठुला बलिदान गरेका छन् । त्यसको परिणाम स्वरूप राणा शासनको अन्त्य, निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य, संवैधानिक राजतन्त्रको अन्त्य हुँदै अहिलेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा मात्रात्मक रूपले केही परिवर्तनहरू भएका छन् । तर राष्ट्र र जनताको पक्षमा नेपाली समाजको आमूल परिवर्तन भने हुन सकेन । त्यसो हुनुको अर्को कारण विभिन्न राजनीतिक परिवर्तन पश्चात् बनेका सरकार र ती सरकारको नेतृत्व गर्ने पार्टी र तिनका नेताहरू नै अग्रगामी परिवर्तनका दिशामा अघि बढ्न सकेनन् । यसबाट राष्ट्रघात, जनघात, भ्रष्टाचार एवं नातावाद र कृपावाद जस्ता देश र जनविरोधी क्रियाकलापहरूले नै निरन्तरता पाउँदै गए । परिणाम स्वरूप देश अझै पनि अल्पविकसित र पछौटे अवस्थाबाट गुज्रिरहेको छ भने आम जनसमुदायले शोषण, दमन र उत्पीडनको मार खेप्नु परिरहेको छ । आज देशमा विचौलिया, माफिया, दलाल, तस्कर र भ्रष्टाचारीहरूको जगजगी छ । राजनीतिक अपराधीकरण र अपराधको राजनीतिकरण गर्ने कार्य अन्योन्याश्रित हुन पुगेका छन् ।'

अहिले राज्यका सबै अंगहरू (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) एवं संयन्त्रहरू (संवैधानिक निकाय, कर्मचारीतन्त्र र सुरक्षा निकाय) मा भ्रष्टाचार मौलाइरहेको छ । जसका कारण नेपाल विश्वका अति भ्रष्ट मुलुकहरू मध्येमा दर्ज हुन पुगेको छ । देशको समग्र राजश्वको संकलनबाट राज्य सञ्चालनका लागि आवश्यक पर्ने साधारण खर्च समेत धान्न नसक्ने अवस्था छ । विकासतर्फ भन्दा साधारण (तलब, भत्ता) मा बढी प्रतिशत खर्च भइरहेको छ भने विकास आयोजना सञ्चालनका लागि वैदेशिक ऋण र अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ ।

भूकम्पले विध्वंस मच्चाएको ३ वर्ष बितिसक्दा पनि प्रभावित जनसमुदायले आफ्नो बस्ने बास समेत निर्माण गर्न नसकेको अवस्था छ भने विश्वसम्पदामा सूचिकृत भएका सांस्कृतिक सम्पदा र धरोहरहरूको पुर्ननिर्माणको कार्य लावारिस अवस्थामा रहेको छ । शिक्षा र स्वास्थ्य जस्ता जनसरोकारका क्षेत्रमा माफियाकरण, भ्रष्टाचार र व्यापारीकरण भएको छ ।

यस्तो पृष्ठभूमिमा ओली सरकारले भनेजस्तो समृद्धि र स्थायित्व केवल नारामा सीमित हुनेछ । र फेरि नयाँ शिराबाट विद्रोह वा क्रान्ति अपरिहार्य बनेर जाने निश्चित छ । त्यसबेला देजमो र नेकपा (क्रान्तिकारी माओवादी)ले नै क्रान्तिको नेतृत्व गर्नुपर्ने परिस्थिति तयार हुँदै जाने निश्चित छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

क्रान्ति कसरी अगाडि बढाउनु पर्छ ?

● लेनिन ●

अब हामी प्रस्तावको अधिल्लो भाग उद्घृत गछौं

'यस अवस्थामा सामाजिक जनवादले क्रान्तिको सम्पूर्ण अवधिमा यस्तो स्थिति कायम राख्ने कोशिश गर्नु पर्छ, जसले उसको लागि सबै भन्दा सुनिश्चित तरीकाले क्रान्तिलाई अगाडि बढाउने सम्भावना दिन्छ, जसले बुर्जुवा पार्टीहरूको असंगत एवं स्वार्थी नीतिको विरुद्ध सामाजिक जनवादी संघर्षमा उसको हात बाँधी नदेओस् र जसले उसलाई बुर्जुवा जनवादमा विलीन हुन नदेओस् ।

तसर्थ सामाजिक जनवादले अस्थायी सरकारमा सत्ता ग्रहण गर्ने अथवा यसमा भाग लिने लक्ष राख्नु हुन्न, अपितु उसले चरम क्रान्तिकारी विरोधी दलको रूपमा आफ्नो अस्तित्व कायम राख्नु पर्छ ।'

यस्तो स्थिति अपनाउने सल्लाह, जसले क्रान्तिलाई अगाडि बढाउने सम्भावना सबै भन्दा राम्रो तरीकाले सुनिश्चित गर्छ, हामीलाई धेरै मन पऱ्यो । हामी मात्र यो चाहन्छौं की यस भलाद्मी सल्लाह बाहेक हामीलाई यस कुराको पनि प्रत्यक्ष सल्लाह दिइएको भए हुन्थ्यो कि हाल, वर्तमान राजनैतिक स्थितिमा, एक त्यस्तो युगमा जब जनप्रतिनिधिहरू डाक्ने बारे जताततै हल्ला, अडकल, गफ र योजनाहरू फैलिएका छन्, सामाजिक जनवादीहरूले कसरी क्रान्ति अगाडि बढाउनु पर्छ । के आज तिनीहरू क्रान्तिलाई अगाडि बढाउन सक्छन्, जो जारसंग जनताले 'सम्झौता' गर्नु पर्छ भन्ने आस्भबादज्देनिएवाला सिद्धान्तमा निहित खतरा देख्दैनन्, जो संविधान सभा डाक्ने ' निर्णयलाई' नै विजय भन्छन्, जो अस्थायी क्रान्तिकारी सरकारको आवश्यकता सम्बन्धी विचार सक्रिय रूपमा प्रचार गर्ने उद्देश्य अगाडि राख्दैनन्, जो जनवादी गणतन्त्रको नारालाई छायाँमा पार्न चाहन्छन् ? यस्ता मान्छेहरू वास्तवमा क्रान्तिलाई पछाडि ढकेल्छन्, किनभने व्यावहारिक-राजनैतिक प्रश्नमा उनीहरू आस्भबाज्देनिएवालाहरूको स्तरमा पुगेर थामिए । उनीहरूले तानाशाहीको स्थापना गणतन्त्रको स्थापना गर्ने माग भएको कार्यक्रम स्वीकार गरेर फायदा नै के हुन्छ र, जब कि कार्यनीति सम्बन्धी प्रस्तावमा, जसमा क्रान्तिकारी कालमा पार्टीको तात्कालिन एवं निकटतम भविष्यका लक्ष्यहरू निर्धारित गरिएका हुन्छन्, गुणतन्त्रको लागि संघर्षको नारा समावेश छैन ? वास्तवमा भन्ने हो भने यो आस्भबाज्देनिएवालाहरूको दृष्टिकोण हो, संविधानवादी बुर्जुवार्गको दृष्टिकोण हो, जसको विशेषता अव यस कुरामा निहित छ कि सार्वजनिक संविधान सभा डाक्ने निर्णयलाई निर्णायक विजय भनिन्छ, जब कि अस्थायी क्रान्तिकारी सरकार तथा गणतन्त्र बारे धेरै सोच विचार गरेर चूप लागिन्छ ! क्रान्तिलाई अगाडि बढाउनको लागि, अर्थात् त्यस सीमा भन्दा अगाडि बढाउनको लागि जहाँसम्म राजतन्त्रवादी बुर्जुवावर्ग क्रान्तिलाई बढाउन तयार छ, यस्ता नाराहरू लगाइनु आवश्यक छ, यस्ता नाराहरूमाथि सबै भन्दा बढी जोड दिइनु पर्छ र यस्ता नाराहरूलाई सबै भन्दा प्रमुख स्थान दिइनु पर्छ जसले बुर्जुवा जनवादी 'असंगतिहरू'को लागि कुनै सम्भावना छोड्ने छैनन् । हाल यस्ता नाराहरू मात्र दुई वटा हुन सक्छन्-१) अस्थायी क्रान्तिकारी सरकार र २) गणतन्त्र, किनभने सार्वजनिक संविधान सभाको नारा राजतन्त्रवादी बुर्जुवावर्गले स्वीकार गरिसकेको छन् ('आस्भबाज्देनिएलीग'को कार्यक्रम हेर्नोस्) र यस उद्देश्यले स्वीकार गरेका छन् कि क्रान्तिलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्न चाहन्छन्, क्रान्तिको पूर्ण विजय हुन दिन चाहँदैनन्, ठूला बुर्जुवावर्ग र जारशाही बीच साँठ-गाँठ गराउन चाहन्छन् । अब हामी देख्छौं कि दुई नाराहरूमध्ये क्रान्तिलाई अगाडि बढाउन सक्ने एक मात्र नारा, अर्थात गणतन्त्रको नारालाई सम्मेलनवालाहरूले एकदम बिर्सिदिएका छन् र उनीहरूले अस्थायी क्रान्तिकारी सरकार सम्बन्धी नारालाई सीधा आस्भबाज्देनिएवालाहरूको सार्वजनिक संविधान सभा सम्बन्धी नाराको श्रेणीमा लगेर राखेका छन् र दुबैलाई 'क्रान्तिको निर्णायक विजय' भनेका छन् ! !

हो, यो अकाट्य सत्य हो र हामीलाई विश्वास छ कि यसले रुसी सामाजिक जनवादका भावी इतिहासकारको लागि एक सीमा-रेखाको काम गर्ने छ । मे १९०५ मा भएको सामाजिक-जनवादीहरूको सम्मेलनमा जुन प्रस्ताव पारित भयो त्यसमा जनवादी क्रान्तिलाई अगाडि बढाउने बारे थुप्रै मीठा मीठा कुराहरू गरिएका छन्, तर वास्तवमा राजतन्त्रवादी बुर्जुवावर्गका जनवादी नाराहरू भन्दा एक इन्च पनि अगाडि बढ्दैन ।

नवइस्क्रापंथीहरू हामीमाथि यो आरोप लगाउन मन पराउँछन् कि हामी बुर्जुवा जनवादमा सर्वहारावर्ग विलीन हुन सक्ने खतरामाथि ध्यान दिदैनौं । हामी त्यस्ता मानिसहरूसंग भेट्न चाहन्छौं जसले रसियाली सामाजिक जनवादी मजदूर पार्टीको तेस्रो महाधिवेशनमा पारित प्रस्तावको आधारमा यस आरोपलाई प्रमाणित गर्ने जिम्मा लिन सकोस् । हामी आफ्ना विरोधीहरूलाई जवाफ दिन्छौं-बुर्जुवा समाजमा काम गर्ने सामाजिक जनवाद यो अथवा त्यो, निश्चित परिस्थितिमा बुर्जुवा जनवाद संगसंगै नहिंडी राजनीतिमा भाग लिन सक्दैन । यस प्रश्नमा तपाई हामी बीच फरक मात्र यति कै छ कि हामी क्रान्तिकारी र गणतन्त्रवादी बुर्जुवावर्ग संगसंगै हिड्छु र उनीहरूसंग विलीन हुँदैनौ, तपाईहरू चाहीं उदारवादी र राजतन्त्रवादी बुर्जुवावर्गसंग हिंडनु हुन्छ र तपाईहरू पनि उनीहरूसँग विलीन हुनु हुन्न । यही हो आजको स्थिति ।

तपाईहरूले सम्मेलनको नामबाट जुन कार्यनीति सम्बन्धी नारा प्रस्तुत गर्नु भएको छ, त्यो 'संवैधानिक जनवादी' पार्टी, अर्थात् राजतन्त्रवाद बुर्वुजावर्गको पार्टीका नाराहरूसँग हूबहू मिल्छन् । त्यसमाथि पनि तपाईहरूले यो सामन्जस्य न त देख्नु भयो, न त महशुस नै गर्नु भयो र यो प्रकारले आस्भबाज्देनिएवालाहरको पुच्छरमा झुण्डिएर हिंड्दै हुनु हुन्छ ।

रसियाली सामाजिक जनवादी मजदूर पार्टीको तेस्रो महाधिवेशनका नामबाट हामीले कार्यनीति सम्बन्धी जुन नाराहरू प्रस्तुत गरेका छौं तिनीहरू जनवादी-क्रान्तिकारी र गणतन्त्रवादी बुर्जुवावर्गको नाराहरूसँग मिल्दा जुल्दा छन् । रुसमा बुर्जुवावर्ग र निम्न बुर्जुवावर्ग अझ एक व्यापक जनवादी पार्टीको रूपमा संगठित हुन पाएका छैनन् । तर रुसमा आज के हुँदै छ भन्ने तथ्यबाट पूर्णतः अजभिज्ञ व्यक्तिले मात्र यस्तो पार्टीका तत्वहरूको अस्तित्व बारे शंका उठाउन सक्छ । हामी समाजिक जनवादी पार्टीद्वारा संगठित सर्वहारावर्गको मात्र नभएर, (महान रुसी क्रान्ति सफल रूपमा विकसित भएको खण्डमा) त्यस निम्न बुर्जुवावर्गको समेत नेतृत्व गर्न चाहन्छौं, जो हामी संगसँगै हातेमालो गर्दै हिंड्न समर्थ छन् ।

सम्मेलन आफ्नो प्रस्तावमा अचेतन रूपमा उदारवादी एवं राजतन्त्रवादी बुर्जुवावर्गको स्तरमा उत्रेको छ । पार्टी महाधिवेशनले चाहीं आफ्नो प्रस्तावमा सचेतन रूपमा क्रान्तिकारी जनवादका ती तत्वहरूलाई उठाएर आफ्नो स्तरसम्म, ल्याइपुऱ्याएका छन्, जो दलाली होइन, संघर्ष गर्ने क्षमता राख्दछन् ।

यस प्रकारका तत्वहरू सबैभन्दा बढी किसानहरू बीच भुट्टाइन्छन् । समाजका ठूलठूला समूहहरूलाई उनीहरूको राजनीतिक प्रवृत्तिहरू अनुसार वर्गीकरण गर्दा, हामी कुनै गम्भीर गल्ती गर्ने खतरा नलिइकनै क्रान्तिकारी तथा गणतन्त्रवादी जनवाद र किसानहरूबीच समानान्तरण रेखा खिच्न सक्छौ- स्वभावतः त्यही दृष्टिकोणले ती नै शर्तहरूमा र अर्थहरू अनुसार, जसअनुसार हामी मजदुरवर्ग र सामाजिक जनवादबीच रमरूपता भेट्टाउँछौं । अर्को शब्दमा, हामी यस प्रकारले पनि आफ्ना निष्कर्षहरू प्रस्तुत गर्न सक्दछौ- सम्मेलनले क्रान्तिकारी अवस्थामा अखिल राष्ट्रिय राजनीतिक नाराहरू लगाएर अचेतन रूपमा जमिन्दार गुटको तहमा उत्रन पुगेको छ । पार्टी महाधिवेशनले चाहीं आफ्नो अखिल राष्ट्रिय राजनीतिक नाराहरूमा किसान समूहलाई माथि उठाएर उनीहरूलाई क्रान्तिकारी स्तरसम्म पुऱ्याइदिएको छ । यो निष्कर्ष सुनेर हामीमाथि विरोधाभासपूर्ण कुराहरूमा अभिरुचि राख्ने आरोप लगाउने प्रत्येक व्यक्तिलाई हामी चुनौती दिन सक्छौ कि उनीहरू यस प्रस्थापनाको खण्डन गरुन् कि यदि हामी क्रान्तिलाई अन्त्यसम्म पुऱ्याउन सक्दैनौं भने यदि क्रान्ति आरम्भवाज्देनिए तरिकाको 'निर्णायक विजय'मै गएर पूरा हुन्छ भने अर्थात् यसको अन्त्य मात्र जारद्वर आयोजित प्रतिनिधिसभामा नै गएर हुन्छ भने, जसलाई मात्र व्यंग्यात्मक अर्थमा संविधानसभा भन्न सकिन्छ- त्यस अवस्थामा यो त्यस्तो क्रान्ति हुने छ जसमा जमिन्दार तथा ठूलठूला बुर्जुवा तत्वहरूको प्रधानता रहनेछ । यसको विपरीत, अदि हामीलाई साँच्चिकै महान् क्रान्ति पूरा गर्नु छ भने... *बाँकी ७ पेजमा*

झर्रोटर्रो

कैलुब्राह

नारी दिवसका भाँतीहरू

यसपालीको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस नेपाल मण्डलका महिलाहरूले भाँतीभाँती तरिकाले मनाए । सरकारको प्रतिपक्षमा रहेको लाउके दलका महिलाहरूले सरकार र आफ्नै जातको राष्ट्रपति महोदयबाट अन्याय भएको भन्दै विरोध गरेर मनाए भने सत्ताको प्रतिपक्षमा रहेका दलहरूले शान्तिबाटिकाबाट जुलुस निकालेर सत्ताको विरोध गर्दै मनाए । खोला बगरमा गिट्टी कुट्ने श्रमिक महिलाहरूले झन् धेरै गिट्टी कुटेर मनाए भने घर बनाउने, बाटो खन्ने, पुल बनाउने, कोइलाखानीमा कोइला निकाल्ने, ढुङ्गाखानीमा ढुङ्गा निकाल्ने ठाउँका लेबर, कुल्ली र भरिया महिलाहरूले ठाउँका ठाउँ आआफ्ना काम गरेरै नारी दिवस मनाए । घरमा गृहिणी बनेका श्रीमति, छोरी र बुहारी महिलाहरूले आज सरकारी विदाको दिन परेकाले श्रीमान् बालबच्चा, बाउ, दाइभाइ र सासूससुराहरूका कपडा धोएर, खाना पकाएर खुवाएर, दाउरा घाँस काटेर, खेतबारीमा मसुरो छिनेर, गोठ्ल्याइँको काम गरेर तिनरूले पनि ठाउँका ठाउँ मनाए । यसरी नेपाल मण्डलका नारीहरूले भाँतीभाँती तरिकाले श्रमिक नारी दिवस मनाए । यो दिवस श्रमिक नारीहरूको भएकाले उनीहरूले श्रम गरेरै मनाए ।

यसैबीचमा सरकारी दलका लाउके नेताका स्वास्नीहरूले धुमधडकासँग रुवावासी र चिच्याकलो गर्दै मनाए । संविधानमा तेत्तीस प्रतिशत महिलाको हाँजिरी हुनुपर्ने व्यवस्थालाई निर्वाचन आयोगले दलहरूलाई घोक्रेठ्याक लगाएरै बल्लतल्ल संसदमा नारीहरूलाई त हुल्यो तर लाउके दलका लाउके नेताहरूले भने उनीहरूलाई सरकारमा छिराउन कन्जुस्याइँ गरेकोमा रुवावासी गर्दै गुनासो गरे । उनीहरूले जसरी जनजाति कोटाबाट माननीयमा छिराइयो त्यसैगरी मन्त्रीमा पनि छिराउनु पर्ने माग राखे । निर्वाचन आयोगले समानुपातिकबाट माननीय बनाउँदा जनजाति कोटाबाट लाउके दलका लाउके नेताका स्वास्नीहरूलाई छिराएकोमा खुसी मनाए र निर्वाचन आयोगका आयुक्तहरूको जयजयकार गरे ।

निर्वाचन आयोगले जनजाति कोटामा पार्दाखेरी नेताका स्वास्नीहरूलाई पारेको थियो । लोग्ने गुरुङ भएकोले उनकी स्वास्नी बाहुनकी छोरी भए पनि उनलाई गुरुङकै जात बनाएको र लोग्ने बाहुन र स्वास्नी नेवार भएकाले स्वास्नीहरूलाई नेवारै कायम गरेर जनजाति कोटामा पारेको थियो । यसबारेमा निर्वाचन आयोगका एकजना लाउकेलाई सोध्दा उनले झर्रोटर्रोलाई बताए 'कानूनमा जनजाति कोटामा परेकालाई त्यही कोटाबाट निर्वाचित गर्नुपर्ने अनिवार्य बनाएको छ, देश खाएर शेष पल्टिएका नेताहरू भएकाले नेताका स्वास्नीलाई जसरी पनि माननीय बनाउनु पर्ने लोकतन्त्रको मूल्यमान्यता बमोजिम उनीहरूलाई जनजाति कोटामा पारिएको हो ।'

त्यसो भए बाहुनकी छोरी गुरुङ बन्न मिल्ने तर नेवारकी छोरी बाहुन बन्न किन नहुने भन्ने प्रश्नको जवाफमा उनले भने 'लोकतान्त्रिक गणतन्त्रको महत्वपूर्ण मान्यता भनेकै यही हो । उनका लोग्नेहरू दलका शक्तिशाली नेता भएकाले तिनका स्वास्नीहरूलाई जसरी पनि समानुपातिकबाट माननीय बनाउनु पर्ने नियम छ । यो समानुपतिक प्रणाली बनाएकै तिनै नेताहरूले हो । तलतलका कार्यकर्ताले त बनाएनन् । संविधान बनाउन जस्ले संसदमा भूमिका खेल्यो उसलाई त्यसको प्रयोग गर्ने र लागू गर्ने अधिकार छ ।'

यसरी माननीय बनाएकोमा नेतापत्नीहरू त गदगद थिए तर तिनीहरू मन्त्री नबनाएकोमा भने निकै नाराज थिए । त्यसैले माननीय महिलाहरूले नारी दिवस पनि सिंहदरबार भित्रै पर्धानमन्त्री कार्यालय अगाडिको चौरमा भेला भएर धुमधडकासँग मनाए । समाचार सङ्कलन गर्न यो कैलुब्राह सिंहदरबार छिर्दा उनीहरूले जोडजोडले नारा लगाउँदै थिए । नारा यस्तो थियो -

'महिलालाई तेत्तीस प्रतिशत मन्त्री कोटा छुट्याउनै पर्छ - हो हो छुट्याउनै पर्छ, छुट्याउनै पर्छ ।

समानुपाति समावेसी मन्त्रालय बनाउनै पर्छ - बनाउनै पर्छ, बनाउनै पर्छ ।

जनजाति कोटावाद जिन्दावाद - जिन्दावाद, जिन्दावाद ।

महिलावाद जिन्दावाद - जिन्दावाद, जिन्दावाद ।

नेताका स्वास्नीहरू अमर रहुन् - अमर रहुन्, अमर रहुन् ।

नेताका स्वास्नीलाई मन्त्री बनाउनै पर्छ - बनाउनै पर्छ (हैट हाम्रो भाग कहिले आउने त ? पछाडिबाट चर्को आवाज आयो र जुलुसमा होडलो मच्चियो ।)

एउटी जनजाति महिलाले भाषण गर्न थलिन् - 'हामी महिलाहरू नै यसरी फुट्नु भएन नि । जो मन्त्री भएपनि महिला नै हुने हो । हामी फुटे पुरुष लुट्छन् । विवाद नगरौँ । नेताका स्वास्नीहरू मन्त्री भयौँ भने अरुलाई राज्यमन्त्री, सहायक मन्त्री बनाउँला ।' पछाडिबाट विरोधको आवाज आयो - 'हुन्न हुन्न, यहाँपनि समावेसी हुन पर्छ । नत्र हामी मान्दैनम । हामी लोग्ने माथिल्लो तहका नेता नभएका स्वास्नीहरू र एकल महिला भएकाहरू अलग हुन्चम । प्रतिपक्ष दलका नेतासँग ककस बनाएर मोर्चा कस्चम ।' त्यसपछि फेरि रुवावासी चल्यो । कोही सिंगान पुछ्न थाले । कसैले खाक्क खुक्क गरे । कोही ह्वाँह्वाँ गर्दै डाँको छोडेर रुन पो थाले ।

यसरी माननीय महिलाहरूको नारी दिवसको समाचार सङ्कलन गरेर यो कैलुब्राह सिंहदरबारबाट निस्कियो ।

२६ फागुन २०७४

kailubraha73@gmail.com

देशभक्त जनगणतान्त्रिक मोर्चाद्वारा प्रम ओलीलाई बुझाएको ९४ बुँदे ज्ञापनपत्र

नेपालको राजनीतिक इतिहासमा नेपाली जनताले ठुला-ठुला बलिदान गरेका छन् । त्यसको परिणाम स्वरूप राणा शासनको अन्त्य, निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य, संवैधानिक राजतन्त्रको अन्त्य हुँदै अहिलेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा मात्रात्मक रूपले केही परिवर्तनहरू भएका छन् । तर राष्ट्र र जनताको पक्षमा नेपाली समाजको आमूल परिवर्तन भने हुन सकेन । त्यसो हुनुको अर्को कारण विभिन्न राजनीतिक परिवर्तन पश्चात् बनेका सरकार र ती सरकारको नेतृत्व गर्ने पार्टी र तिनका नेताहरू नै अग्रगामी परिवर्तनका दिशामा अघि बढ्न सकेनन् । यसबाट राष्ट्रघात, जनघात, भ्रष्टाचार एवं नातावाद र कृपावाद जस्ता देश र जनविरोधी क्रियाकलापहरूले नै निरन्तरता पाउँदै गए । परिणाम स्वरूप देश अझै पनि अल्पविकसित र पछौटे अवस्थाबाट गुज्रिरहेको छ भने आम जनसमुदायले शोषण, दमन र उत्पीडनको मार खेप्नु परिरहेको छ । आज देशमा विचौलिया, माफिया, दलाल, तस्कर र भ्रष्टाचारीहरूको जगजगी छ । राजनीतिक अपराधीकरण र अपराधको राजनीतिकरण गर्ने कार्य अन्योन्याश्रित हुन पुगेका छन् ।

देशमा आमूल परिवर्तन गरी आर्थिक सम्बृद्धिमा योगदान पुऱ्याउनु पर्ने युवा शक्ति आफ्नो हातमुख जोर्नकै लागि हरेक दिन सयौंको संख्यामा विदेसिन बाध्य भएका छन् । राज्यका सबै अंगहरू (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) एवं संयन्त्रहरू (संवैधानिक निकाय, कर्मचारीतन्त्र र सुरक्षा निकाय) मा भ्रष्टाचार मौलाइरहेको छ । जसका कारण नेपाल विश्वका अति भ्रष्ट मुलुकहरू मध्येमा दर्ज हुन पुगेको छ । देशको समग्र राजश्वको संकलनबाट राज्य सञ्चालनका लागि आवश्यक पर्ने साधारण खर्च समेत धान्न नसक्ने अवस्था छ । विकासतर्फ भन्दा साधारण (तलब, भत्ता) मा बढी प्रतिशत खर्च भइरहेको छ भने विकास आयोजना सञ्चालनका लागि वैदेशिक ऋण र अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ ।

भुकम्पले विध्वंस मच्चाएको ३ वर्ष बितिसक्दा पनि प्रभावित जनसमुदायले आफ्नो बस्ने बास समेत निर्माण गर्न नसकेको अवस्था छ भने विश्वसम्पदामा सूचिकृत भएका सांस्कृतिक सम्पदा र धरोहरहरूको पुर्ननिर्माणको कार्य लावारिस अवस्थामा रहेको छ । शिक्षा र स्वास्थ्य जस्ता जनसरोकारका क्षेत्रमा माफियाकरण, भ्रष्टाचार र व्यापारीकरण भएको छ । सामान्य नेपाली जनता आधारभूत औषधोपचारबाट समेत बञ्चित हुने अवस्था विद्यमान रहेको छ भने राज्य र सत्तामा पहुँच भएकाहरू उपचारका नाममा विदेशका महंगा अस्पतालहरूमा सयेर गरिरहेका छन् । ऊर्जाको मुख्य आधारका रूपमा रहेका जलसम्पदाको स्रोत परिचालन एक पछि अर्को गर्दै विदेशीको कब्जामा पुऱ्याउने काम भएको छ । देशलाई यस्तो अवस्थाबाट मुक्त बनाएर अग्रगामी दिशामा अघि बढाउनका लागि सङ्घीय जनगणतान्त्रिक नेपालको स्थापनाको आवश्यकता सर्वत्र महसुस भइरहेको छ । अग्रगामी परिवर्तन, विकास र सम्बृद्धिको सोपानमा देशलाई अघि बढाउनको निम्ति निम्न लिखित क्षेत्रमा योजनाबद्ध र कार्यक्रमिक रूपमा कदम चाल्नु अपरिहार्य भएको छ ।

अतः हाम्रो सङ्गठनले सम्माननीय प्रधानमन्त्री समक्ष उपरोक्त समग्र विषयवस्तुहरूलाई समेटेर सूत्रबद्ध गरी ज्ञापनपत्रका रूपमा निम्न अनुसार मागहरू समावेश गरी प्रस्तुत गरेको छ । यदि यी मागहरूलाई पुरा गर्ने कामलाई शीघ्र रूपमा अघि बढाइएन भने हाम्रो अगाडि सङ्घर्ष बाहेक अर्को विकल्प रहने छैन ।

१. देशको भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको ढृढतापूर्वक रक्षा एवं सम्बर्धन गरियोस् ।

२. विदेशी हस्तक्षेपबाट देशलाई मुक्त गर्दै राष्ट्रिय स्वाधीनताको रक्षा गरियोस् ।

३. खुला सिमानालाई वैज्ञानिक ढंगले नियमन गरियोस् ।

४. सन् १९५० मा सम्पन्न भएको नेपाल-भारत शान्ति तथा मैत्री सन्धि लगायत सम्पूर्ण असमान सन्धि सम्झौताहरू खारेज गरियोस् ।

५. चीन र भारतजस्ता निकटतम छिमेकी मित्र राष्ट्रहरूसँग समसामीप्यता र पारस्परिक सम्मान एवं समानताका आधारमा आपसी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरियोस् ।

६. चीन र भारतका बिचमा भएको व्यापारिक सम्झौतामा नेपालको लिपुलेकलाई भारतीय भू-भागका रूपमा उल्लेख गरिएकाले त्यसको खारेजी गरियोस् ।

७. महाकाली, सुस्ता, महेशपुर, छपकैंया लगायतका नेपाली भूभागमा भएका अतिक्रमणलाई रोकी कब्जा गरिएका भूभाग फिर्ता गरियोस् ।

८. नेपालको राष्ट्रिय हित र स्वाधीनता विपरीत भएका र गरिएका कोसी, गण्डकी, महाकाली, माथिल्लो कर्णाली एवं अरुण तेस्रो जलविद्युत सम्बन्धि सम्झौता खारेज गरियोस् ।

९. देशमा रहेको अपार जलस्रोतलाई अधिकतम उपयोग गर्ने नीति, कार्यक्रम र योजना तयार गरी त्यसको बहुउद्देश्यीय प्रयोग गर्ने गरी ऊर्जा विकास, खेतीयोग्य जमीनको सिंचाइ र स्वच्छ खानेपानीको कार्यक्रम बनाई कार्यान्वयन गरियोस् ।

१०. जलविद्युत् उत्पादनमा स्वदेशी लगानी र विशेषगरी नेपाली नागरिकहरूको लगानीलाई प्रोत्साहन गर्दै राष्ट्रहित विपरीत गरिएका ऊर्जा विकास सम्झौता ९एम्ब० र ऊर्जा व्यापार सम्झौता ९एत्ब० खारेज गरियोस् ।

११. गोर्खा सैनिकहरूको हक हित र अधिकारको निम्ति पूर्ण रूपमा पहलकदमी गरियोस् ।

१२. गोर्खा सैनिकको सवालमा बेलायत, भारत र नेपालबिच गरिएको त्रिपक्षीय असमान सन्धि सम्झौता खारेज गरियोस् ।

१३. संघीय जनगणतन्त्र नेपालको स्थापना गरियोस् ।

१४. उत्पीडित जातिहरूलाई आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति सहित जातीय स्वायत्तता र स्वशासनको व्यवस्था गरियोस् ।

१५. छोरीलाई निसर्त पैत्रिक सम्पत्तिमा समान अधिकारको कानुनी व्यवस्था गरियोस् ।

१६. आमाको नाममा नागरिकता दिने कानुनलाई पूर्ण रूपमा लागु गरियोस् ।

१७. महिला तथा बालिकाहरूमाथि भइरहेका बलात्कारका घटनाहरू तुरुन्त नियन्त्रण गरियोस् । अपराधीहरूलाई कानुनी रूपमा कडा कारवाहीको व्यवस्था गरियोस् ।

१८. सामाजिक विकृतिको रूपमा रहेको बोक्सी, छाउपडी, दाइजोप्रथा लगायत घरेलु हिंसाको पूर्ण रूपमा उन्मूलन गरियोस् ।

१९. दलित, महिला, मुस्लिम, मधेसी, आदिवासी जनजाति, पिछडिएका क्षेत्रलाई मुक्त गर्दै अधिकार सम्पन्न गराइयोस् ।

२०. बाल अधिकारको पूर्ण प्रत्याभूत गरियोस् र बालश्रम शोषणलाई निषेध गरियोस् ।

२१. बेरोजगारी समस्याको अन्त गरी विदेशिएका युवा जनशक्तिलाई स्वदेशमै रोजगारी दिलाइयोस् । रोजगारको व्यवस्था नहुँदा सम्म जीवन यापनको लागि न्यूनतम भत्ताको व्यवस्था गरियोस् ।

२२. विदेसिएका युवा जनशक्तिलाई स्वदेशमै फर्काउनको निम्ति आकर्षक योजनाहरू तर्जुमा गरी लागु गरियोस् ।

२३. बेरोजगार युवा जनशक्तिलाई स्वरोजगारीको लागि बिना धितो सहुलियत ऋणको व्यवस्था गरियोस् ।

२४. क्षेत्रीय तथा स्थानीय स्तरमा खेलकुदको नियमित आयोजना गर्नुका साथै खेलकुद एकेडेमीको व्यवस्था गरियोस् ।

२५. शिक्षाको पूर्ण दायित्व र जिम्मेवारी राज्यले लिई प्राइभेट स्कूल, कलेजहरू पूर्ण रूपमा खारेज गरी सरकारीकरण गरियोस् ।

२६. शिक्षामा भएको निजीकरणलाई खारेज गरी त्यहाँ रहेका सम्पूर्ण विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई व्यवस्थापन गरियोस् ।

२७. राष्ट्रिय आवश्यकतालाई बोध गरी प्राविधिक एवं व्यावसायिक शिक्षालाई लागु गरियोस् ।

२८. जेहेन्दार र आर्थिक अवस्था कमजोर भएकाहरूका लागि उच्च शिक्षा तहसम्म निःशुल्क पढ्ने व्यवस्था गरियोस् ।

२९. माध्यमिक लगायत उच्च शिक्षासम्मको जिम्मा व्यवहारतः राज्यले लिने व्यवस्था गरियोस् ।

३०. विद्यालय तहमा विदेशी पाठ्यक्रम बन्द गरियोस् ।

३१. शिक्षामा निजीकरणको नाममा खुलेका विद्यालयहरूबाट भएका शैक्षिक व्यापारीकरण र माफियाकरण तुरुन्त बन्द गरियोस् ।

३२. शिक्षण पेसालाई मर्यादित एवं व्यवस्थित गर्नको लागि शिक्षक सेवा आयोगलाई स्वतन्त्र एवं निष्पक्ष निकायको रूपमा खडा गरियोस् ।

३३. जनवादी शिक्षा लागु गरियोस् ।

३४. उच्च शिक्षामा भएका पक्षपातपूर्ण व्यवहारलाई तत्काल अन्त्य गरियोस् र त्रि.वि. लगायत विश्वविद्यालय तथा विश्वविद्यालय स्तरीय प्रतिष्ठानहरूको सेवा प्रविष्टिका निम्ति एउटै सेवा आयोग तत्काल गठन गरियोस् ।

३५. शिक्षा र स्वास्थ्यमा हुने माफियाकरणको पूर्ण रूपमा अन्त्य गरियोस् ।

३६. जनताको स्वास्थ्योपचारको दायित्व पूर्ण रूपमा राज्यले लिने व्यवस्था गरियोस् । कुनै पनि नेपाली नागरिक स्वास्थ्योपचारबाट बञ्चित नहुने व्यवस्था गरियोस् ।

३७. केन्द्र र प्रदेशहरूमा राज्यले सम्पुर्ण जनताको उपचार गर्ने गरी सरकारी अस्पतालहरूको गुणस्तरमा समेत आमूल परिवर्तत गरी सहज एवं सर्वसुलभ बनाइयोस् ।

३८. सरकारी अस्पतालसँग सम्बन्धित गराई मेडिकल कलेजहरूको सञ्चालन राज्यले नै गर्ने व्यवस्था गरियोस् । अस्पताल र मेडिकल कलेजहरूको निजीकरणलाई पूर्ण रूपमा खारेज गरी त्यहाँ रहेका सम्पूर्ण विद्यार्थी, डाक्टर, नर्स र कर्मचारीहरूलाई व्यवस्थापन गरियोस् ।

३९. अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको सामाजिक सुरक्षा कोषको व्यवस्था गरियोस् ।

४०. मजदुरहरूलाई आस्थाको आधारमा सङ्गठित हुने र जायज मागको लागि सङ्घर्ष गर्ने अधिकारको सुनिश्चित गरियोस् ।

४१. 'हायर एन्ड फायर' लाई कानुनतः खारेज गरी मजदुरहरूलाई स्थायी गरियोस् ।

४२. कथित रोजगारदाता (बिचौलिया) प्रथाको अन्त्य गरी सम्बन्धित उद्योगपति मार्फत् प्रत्यक्ष रोजगारी प्रणालीको व्यवस्था गरियोस् । ठेकेदारी र करारप्रथा खारेज गरियोस् ।

४३. उत्पीडनको पहिचान गरी पहिचानका आधारमा संघीयता निर्माण गरियोस् ।

४४. प्राकृतिक स्रोत साधनमाथि माफियाको कब्जा र अतिक्रमण हुन नदिई आदिवासी जनजातिको अग्राधिकारको व्यवस्था गरियोस् ।

४५. सहिदहरूको उच्च सम्मानको व्यवस्था गरी सहिद परिवारहरूलाई राहत उपलब्ध गराइयोस् ।

४६. बेपत्ता योद्धाहरूको स्थिति सार्वजनिक गराइयोस् र बेपत्ता योद्धा परिवारहरूलाई राहत उपलब्ध गराइयोस् ।

४७. घाइते र अपांगताको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरी राहत दिलाइयोस् ।

४८. भूकम्प पीडितको आवास लगायत न्यूनतम व्यवस्थापन तुरुन्त गरियोस् ।

४९. कर्पोरेट मिडियाहरूमा तत्काल श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरी ती मिडियाहरूमा कार्यरत श्रमजीवी पत्रकारहरूको न्यूनतम तलब र सुविधा निश्चित गरियोस् ।

५०. प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, लेखकीय तथा वैचारिक अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचन गर्ने कार्य बन्द गरियोस् ।

५१. पत्रकारहरूको भौतिक तथा पेसागत सुरक्षाका लागि राज्यले विशेष व्यवस्था गरोस् ।

५२. हलिया, हरूवा, चरुवा, कमलरीहरू र मुक्त कमैयाहरूको माग पुरा गरियोस् ।

५३. बृद्धभत्ता आधारभूत आवश्यकता पुरा गर्ने गरी प्रदान गरियोस् ।

५४. सबै किसिमका गुठी जग्गाहरू बिना सर्त रैकरमा परिणत गरी जोताहा मोही किसानका नाममा जग्गा धनी पुर्जाको स्वामित्व प्रदान गरियोस् र द्वैध स्वामित्वको अन्त्य गरियोस् ।

५५. देशका सबै जनताहरूको खाद्य अधिकारलाई व्यवहारमा लागु गरी खाद्य नभएका जिल्लाहरूमा तुरुन्त आपूर्ति व्यवस्था मिलाइयोस् ।

५६. किसानलाई मल, बिउ सस्तो र सहुलियत मूल्यमा उपलब्ध गराइयोस् ।

५७. किसानको उत्पादनको मूल्य निर्धारण गरी बिक्रीको सुनिश्चित गरियोस् ।

५८. कृषिको औद्योगिकीकरण र व्यवसायीकरण गरी कृषियोग्य जमिनमा खेती गर्ने वातावरण निर्माण गरियोस् ।

५९. सामन्ती भूस्वामित्वको अन्त्य गरी भूमिहीन र गरीब किसानहरूलाई घरबास, जमिन र रोजगारीको व्यवस्था गरियोस् ।

६०. हिंस्रक वन्यजन्तुहरूबाट मानव वस्तीमा भइरहेको जिउज्यान समेतको क्षतिलाई नियन्त्रण तथा व्यवस्थापन गरियोस् ।

६१. सबै भाषाभाषीलाई समान अवसर प्रदान गरी मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था गरियोस् ।

६२. अल्पसंख्यक, सीमान्तकृत र दुर्गम क्षेत्रका जनसमुदायको सर्वाङ्गीण विकास र हितका लागि विशेष योजना तथा कार्यक्रम बनाएर कार्यान्वयन गरियोस् ।

६३. अशक्त र अपाङ्गहरूलाई समाजमा सम्मानजनक ढंगले काम गर्न र बाँच्न पाउने वातावरण सृजना गरी उनीहरूको हक हितको संरक्षण गरियोस् ।

६४. राज्यका सबै अङ्गहरूमा दलित, महिला, आदिवासी जनजाति र मधेसी समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था लागु गरियोस् ।

६५. दलित माथि हुने भेदभाव र छुवाछुतलाई व्यवहारतः अन्त्य गर्न कडा कानुनी व्यवस्था कार्यान्वयन गरियोस् ।

६६. हरेक वर्ष श्रम बजारमा आउने लाखौं ऊर्जाशील श्रमशक्तिलाई उत्पादन र विकास कार्यमा लगाउने योजना बनाई कार्यान्वयन गरियोस् ।

६७. देश र जनताको सर्वतोमुखी र बहुआयामिक विकासलाई अगाडि बढाउनका निम्ति नेपालको राष्ट्रिय सुरक्षा ९ल्बतष्यलर्बा क्भअगचष्तथ० को खाका ९द्यगिभ एच्ष्लत० तयार पारियोस् र देशको समग्र प्राकृतिक स्रोत र मानवीय संशाधनलाई योजनबद्ध ढंगले अधिकतम रूपमा प्रयोग गरी विकसित र समृद्ध राष्ट्र निर्माणको कार्ययोजना तय गरियोस् ।

६८. राष्ट्रिय, आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको विकाश गर्दै राजश्व संकलनमा हुने व्यापक चुहावट र भ्रष्टाचारलाई अन्त्य गरी राजश्व बृद्धिका लागि नीतिगत र व्यवहारिक पहल गरियोस् ।

६९. राज्यका सबै अङ्गहरू (सरकार, संसद र अदालत) र सबै संयन्त्रहरू (संवैधानिक निकाय, कर्मचारीतन्त्र र सुरक्षा निकायहरू) मा व्याप्त रहेको भ्रष्टाचारलाई अन्त्य गरियोस् ।

७०. सामन्त, दलाल तथा नोकरशाही पुँजीपतिहरूको जमिन जफत गरी भूमिहीनहरूलाई वितरण गरि वैज्ञानिक भू-उपयोग नीति कार्यान्वयन गरियोस् ।

७१. लागुऔषध दुर्व्यसनी, जुवातास तथा अन्य विकृतीजन्य क्रियाकलापमाथि नियन्त्रण गरियोस् ।

७२. साम्राज्यवादी, विस्तारवादी र प्रतिक्रियावादी तत्वहरूको हितमा काम गर्ने एनजिओ र आइएनजिओलाई खारेज गरियोस् ।

७३. बौद्धिक जमातलाई योग्यता र दक्षता अनुरूप सुविधा प्रदान गर्दै स्वदेशमै समृद्ध राष्ट्र निर्माण अभियानमा सहभागी गराइयोस् ।

७४. देशलाई औद्योगिकीकरण गर्ने कुरालाई प्राथमिकतामा राखियोस् ।

७५. विगतमा बन्द गरिएका उपयुक्त उद्योगहरूको अविलम्ब पुर्नस्थापना गरियोस् । नयाँ उद्योग कलकारखानाहरूको स्थापना गरियोस् ।

७६. राज्यले व्यापारमुखी व्यवसायलाई नियन्त्रण गरी त्यसमा भएको पुँजीलाई उद्योगमा लगानी गर्ने व्यवस्था गरियोस् ।

७७. नेपाल जडिबुटीको लागि विश्व प्रसिद्ध छ, स्वदेशमै जडिबुटी प्रशोधन गरी औषधि तयार गरियोस् ।

७८. आफ्नै लगानीमा विद्युत् उत्पादन गरी आत्मनिर्भरता हासिल गर्दै देशलाई आर्थिक समृद्धिमा लैजाने काम गरियोस् ।

७९. मुलुकको समृद्धि एवं विकासको साथै आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि पर्यटनलाई उद्योगको रूपमा विकास गरियोस् ।

८०. द्रुत गतिमा नेपालको आर्थिक विकास गरी समृद्ध नेपालको निर्माण गरियोस् ।

८१. महँगी र कालाबजारीको अन्त्य गरियोस् ।

८२. बढ्दो महँगी नियन्त्रण गरियोस् ।

८३. तटबन्धनको व्यवस्था गरियोस् ।

८४. हिमाली क्षेत्रमा पाइने जडीबुटीको वैज्ञानिक ढंगले सम्बर्द्धन, प्रवर्धन, संकलन र प्रशोधन गर्ने व्यवस्था गरियोस् ।

८५. उद्योग, वाणिज्य र व्यापारको क्षेत्रमा कायम रहेको दलाल पुँजीवादको नियन्त्रणलाई खारेज गरी राष्ट्रिय चरित्र भएका उद्योग, वाणिज्य र व्यापारलाई संरक्षण, सम्बर्द्धन र प्रोत्साहन गरियोस् ।

...बाँकी ७ पेजमा

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

आठ मार्चलाई हेर्ने दृष्टिकोण र श्रमिक महिला मुक्तिको प्रश्न

● हुकुमबहादुर सिंह ●

अंग्रेजी पात्रोमा प्रत्येक वर्ष आउने आठ मार्च के हो ? विश्वभरका महिलाहरू मूलतः श्रमिक महिलाहरूका लागि यो दिनको किन महत्व रहन्छ ? आदि प्रश्नहरूबारे स्वयम् श्रमिक महिलाहरू र उनीहरूको मुक्तिका लागि कामगर्ने कम्युनिष्ट पार्टीहरूका बिचमा स्पष्टताको अभाव देखिन्छन् । किनभने श्रमिक महिलाहरूको मुक्तिको सवालसित जोडिएको यो दिवसलाई आखिरमा पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने "अधिकारवादी" महिलाहरूको चाडका रूपमा रूपान्तरित भएर लैजान उनीहरू सफल देखिएका छन् । पुँजी, शक्ति र सामर्थ्यवान सत्ताधारी महिलाहरूले यसलाई आफ्नो वर्गका महिलाको हितमा काम गर्ने एउटा "अधिकारवादी" महिलाहरूको चाडका रूपमा अगाडि बढाउन थालेका । अहिले वर्तमानमा यसलाई अन्तराष्ट्रिय नारी दिवसका रूपमा संयुक्त राष्ट्रसंघ र त्यसका सदस्य राष्ट्र तथा देशहरूमा त्यही खालका महिलाहरूको चाडका रूपमा मनाइने गरिन्छ । नेपालको वर्तमान एमाले र माके सरकार जसले आफूहरूलाई मार्क्सवादी–लेनिनवादी भन्ने गर्दछन्, तिनीहरूले पनि यसलाई श्रमिक महिलाहरूको मुक्तिको सवालसित नजोडि तिनै पुँजी, शक्ति र सामर्थ्यवान सत्ताधारी "अधिकारवादी" महिलाहरूको चाडका रूपमा मनाउन थालेका छन् र त्यसमा श्रमिक महिलाहरूको उपस्थिति कतै देखिदैन् । यद्धपि नेपालमा यो दिवसलाई यो सालमा नेकपा(क्रान्तिकारी माओवादी) र नेकपाले यसलाई श्रमिक महिलाहरूको मुक्तिको सवालसित जोडेर कतै एकल त कतै संयुक्त कार्यक्रम दिएर मनाएका छन् ।

अहिले राष्ट्रसंघलगायत विभिन्न राष्ट्र तथा देशका "अधिकारवादी" महिला नेतृहरू आठ मार्च आउनुभन्दा दुई चार दिन अगाडिदेखि सलबलाउन थालेको देखिएका हुन् – अन्तराष्ट्रिय नारी दिवस भव्यरूपले मनाउने कार्यक्रमका साथ । उनीहरूले अन्तराष्ट्रिय श्रमिक महिला दिवस नभनी अन्तराष्ट्रिय नारी दिवस भनेका छन् । उनीहरूले गरेका कार्यक्रमहरूमा भव्य भोजको आयोजना गरिएका छन्, मन्त्रीहरू, उच्च पदस्थ कर्मचारीहरू भोजको लाइनमा चारतारे होटलमा देखिएका छन् । होटलको बन्द कोठामा महिला मुक्तिबारे गरमागरम बहस, छलफल र अन्तरक्रियात्मक कार्यक्रमहरू पनि भए । नारी पुरूष बराबरीका नारा पनि लगाइए । मातृसत्ता र पितृसत्ताका कुरा पनि भए । ती कार्यक्रमका लागि विभिन्न दातृनिकायहरूले त्यसका लागि पैसा उपलब्ध गराउने काम पनि गरे किनभने ती संस्थाहरूमा पनि "अधिकारवादी" महिला छन् । नेपाल लगायत देशका मार्क्सवादी–लेनिनवादीभित्रका संशोधनवादीहरूले जो रूपमा मार्क्सवादी–लेनिनवादी तर सारमा पुँजी, शक्ति र सामर्थ्यवान सत्ताधारी महिलाहरूको स्तरमा ती भित्रका अधिकारवादी महिलाहरूसित यो दिवसलाई अन्य पुँजीपति वर्गीय राजनीतिक दलहरूसित मिलेर एउटा चाडका रूपमा अगाडि बढाउने काम पनि गरे । वर्तमान नेपालको "वामगठवन्धन"भित्रका कम्युनिस्टहरू त्यस्ता खाले संशोधनवादी कित्तामा पर्दछन् । नेकपा(क्रान्तिकारी माओवादी), नेकपा, नेपाल मजदुर किसान पार्टी अहिले नेपालको त्यो "वामपन्थी" कित्तामा छैनन् तर आफूलाई क्रान्तिकारी भन्ने नेकपा मसाल भने संशोधनवादीहरूको उक्त वामपन्थी कित्ता छाडन अहिले पनि सकिरहेको छैन् । एमालेको बैशाखीमा संघीय संसदमा एक सिट जित्न सफल उक्त पार्टीले अझै उसकै बैशाखीमा सरकारमा जान चाहेको त छैन् भन्ने प्रश्न उठेको छ ।

यसरी सारमा आठ मार्चलाई हेर्ने दुई फरक दृष्टिकोण स्पष्ट देखिएका छन् । प्रथम मार्क्सवादी–लेनिनवादी दृष्टिकोण र दोस्रो संयुक्त राष्ट्र संघले अपनाएको साम्राज्यवादी पुँजीवादी दृष्टिकोण । मार्क्सवादी–लेनिनवादी दृष्टिकोण अनुसार यो अन्तराष्ट्रिय श्रमिक महिला दिवस हो,र जसको इतिहास सन् १९११मा एउटी जर्मन मार्क्सवादी सिद्धान्तकार, एक्टीभिष्ट, र महिला अधिकारका लागि वोकालत गर्ने एक जना महिला क्लारा जेटकिनले कोरेकि थिइन् । उनले सन् १९११मा पहिलो अन्तराष्ट्रिय महिला दिवसको आयोजना गरेकि थिइन् । संयुक्त राष्ट्र संघको आव्हानमा १९७५को जुनमा मेक्सिकोमा अन्तराष्ट्रिय महिला सम्मेलन भयो र त्यसले आठ मार्चलाई अन्तराष्ट्रिय नारी दिवस मनाउने निर्णय गऱ्यो । यसरी फरक नाम र नारामा संयुक्त राष्ट्र संघले अपनाएको साम्राज्यवादी पुँजीवादी दृष्टिकोण अनुसार अहिले उनीहरूले श्रमिक शब्द हटाएर अन्तराष्ट्रिय महिला दिवस वा नारी दिवस मनाउन थालेका छन् । वर्तमानमा नेपालमा अन्तराष्ट्रिय श्रमिक महिला दिवसको आयोजना नेकपा(क्रान्तिकारी माओवादी) र नेकपाले गरेका छन् भने अन्य सबै कम्युनिष्टहरू जो "वामगठवन्धन"भित्र छन् उनका लागि श्रमिक महिलाको खासै अर्थ राखेको छैन् र उनीहरू अब अन्तराष्ट्रिय महिला दिवस वा नारी दिवस मनाउन थालेका छन् ।

एउटा मार्क्सवादी सिद्धान्तकार, एक्टीभिष्ट, र महिला अधिकारका लागि वोकालत गर्ने क्लारा जेटकिनले सुरु गरेको र उनले कोरेको महिला समानता र महिला अधिकारको आवाज उठाइएको शताब्दी विति सक्दा पनि महिला प्रति गरिने सबै प्रकारका विभेदको उन्मूलननका दिशामा विश्व अझै वामे मात्रै सर्दै छ भन्दा गलत नहोला । र स्वयम् कम्युनिष्टभित्रका श्रमिक महिलाहरू पनि उत्पीडनबाट मुक्त हुन सकिरहेका छैनन् ।

मार्क्सवादी सिद्धान्तकार, एक्टीभिष्ट, र महिला अधिकारका लागि वोकालत गर्ने क्लारा जेटकिनको जन्म एउटा किसान परिवारमा भएको थियो । उनका बाउ एक जना स्कुल माष्टर थिए । प्रोटेष्टेन्ट पादरी उनकी आमा एउटा मध्यवर्गीय शिक्षित परिवारकी थिइन् । १८७४देखि उनी महिला आन्दोलन र मजदुर आन्दोलनमा लागिन । १८७८मा उनी समाजवादी श्रमिक पार्टीमा सम्मिलित भइन् । यो पार्टी १८७५मा लाशालको पार्टी, बेबेल र विल्हेमको पार्टी मिलेर बनेको पार्टी थियो । १८९०मा यसको नाम जर्मनको समाजवादी प्रजातान्त्रिक दल बन्यो । १८७८मा बिष्मार्कले जर्मनमा सामाजिक काममाथि रोक लगाएपछि जेटकिनले १८८२मा जर्मन छाडेर जुरिच अनि पेरिशमा निर्वासनमा वस्न थालिन । पेरिसमा वस्दा उनले अन्तराष्ट्रिय समाजवादी समूहको स्थापनामा एउटा महत्वपूर्ण भूमिका खेलिन । उनले आफनो रसियन वामपन्थी प्रेमी वोसिप जेटकिनको थरबाट जेटकिन राखिन, जसबाट उनका दुई भाई छोरा कोष्टजा र मेक्सीम थिए । वोसिप जेटकिनको मृत्यु १८८९मा भयो । उनले जर्मनको स्वतन्त्र समाजवादी प्रजातान्त्रिक पार्टीको सबैभन्दा उग्रवामपन्थी शाखा, स्पार्टावादी संघमा सामेल भइन् जो पछि गएर जर्मनी कम्युनिष्ट पार्टी बन्यो । जसबाट उनले १९२०देखि १९३३सम्म वोइमर गणतन्त्रका वेला त्यहाँको संसद राइखस्टांगमा प्रतिनिधित्व गरिन् ।

समाजवादी प्रजातान्त्रिक पार्टीमा जेटकिनले त्यस समयका अर्का मार्क्सवादी रोजा लक्जमवर्गसंग मिलेर जो पार्टीभित्रका अति वामपन्थीको प्रतिनिधित्व गर्दथे काम गर्न थालिन । २०सौ शताब्दीको सुरूमा संशोधनवादसंगको बहसमा उनले रोजा लक्जमवर्गसंग मिलेर एडवार्ड बर्न्सीटको सुधारवादी थेसिसमाथि आक्रमण गर्न थालिन । जेटकिन महिला राजनीति जसमा समान अवसरहरू र महिलाका दुखदर्दहरूका लागि संघर्ष थियो । उनले जर्मनमा समाजीक–प्रजातान्त्रिक महिला आन्दोलनको विकास गरिन, १८९१देखि १९१७सम्म समानता भन्ने महिला पत्रिका सम्पादन गरिन । १९०७मा समाजवादी प्रजातान्त्रिक पार्टीको महिला अफिस जो भरखरै स्थापना गरिएको थियो, त्यसको नेता बनिन । उनले १९१०को ८ मार्चमा पहिलो अन्तराष्ट्रिय महिला दिनको सुरू कोपनहेगनमा गरेकि थिइन ।

पहिलो विश्वयुद्धको समयमा, कार्ल लिव्खनेक्ट, रोजा र समाजवादी प्रजातान्त्रिक दलका अन्य प्रभावशाली राजनेताहरूसंग मिलेर गरिन । १९१५मा जेटकिनले बर्लिनमा युद्ध विरोधी अन्तराष्ट्रिय समाजवादी महिला युद्धविरोधी सम्मेलन गरिन । उनको युद्ध विरोधी विचार हरूलाई लिएर अनेक पटक गिरफतार भइन् । उनले १९२०मा 'माहिलाको प्रश्न'बारे लेनिनको अन्तरवार्ता लिइन । १९२१देखि १९३३सम्म उनी कम्युनिष्ट अन्तराष्ट्रिय(कमीन्टर्न)को कार्यकारीणी समितीमा रहिन । जव एडल्फ हिटलर र उसको राष्टिय समाजवादी जर्मन मजदुर पार्टी सत्तामा गयो, उसले जर्मनको कम्युनिष्ट पार्टीमाथि प्रतिवन्ध लगायो । १९३३मा राइखस्टांगलाई खतम पाऱ्यो र उनी अन्तिम समयका लागि निर्वासनमा गइन । यसपटक उनी सोभियत संघमा गइन र त्यहाँ उनको निधन भयो । उनको पार्थिव शरीरलाई मसकोको क्रेमलीनमा गाडियो । यस्ती विरंगनाको नाम हो जसले आठ मार्चको नीव गाडेकी थिइन् तर अहिले यो "अधिकारवादी" महिलाको लागि मागी खाने भाडो बन्न गएको छ र श्रमिक महिलाहरूको मुक्तिको सवाल जो जेटकिन आन्दोलनले उद्‌घोष गरेको थियो महिला मुक्तिको केन्द्रीय प्रश्न थियो– प्रतिक्रियावादीहरू र सुधारवादीहरूको पोल्टामा पर्न गएको छ । र यसबाट मुक्ति नै अन्तरास्ट्रिय श्रमिक महिला दिवसको महत्व रहेको छ ।

hukumsingh2012@yahoo.com

● पि. अधिकारी

छपकैया अपहरण

नेपाल र नेपालीको दुर्भाग्यका दिन अब नजिकिँदै छन् जस्तो लाग्दैछ । कमजोर र अभावका स्थितिमा बाँच्नु पनि आफैमा एउटा दुर्भाग्य हो । संसार बलियाको मात्रै रहेछ । सानादेखि ठूलासम्म सबै प्राणीबीच सङ्घर्ष देखिन्छ र सो सङ्घर्षमा बलियाको जीत र कमजोरको हार देखिन्छ । यसो हुनु स्वभाविक र प्राकृतिक कुरा रहेछ क्यारे, दुनिया देख्दा र भोग्दा मलाई यस्तै लाग्यो ।

दुःख र दुर्भाग्य जन्मबाटै लिएर आउँदो रहेछ मान्छेले । गरीब भीखमङ्गाका पनि सन्तान हुन्छन् । जन्मेदेखि नै तिनका सन्तानले रोग र भोकसँग जुधेर बाँच्नु पर्छ । जुध्न नसके मर्नुपर्छ । दुनियामा छरपस्ट देखिने भौतिक वस्तुहरूको उपभोग तिनका नसीबमा हुँदैनन् कतिपय सम्पन्न परिवारमा जन्मन्छन् र जन्मबाटै तिनलाई सम्पूर्ण सुख सुविधाका चीजहरू प्राप्त हुन्छन् । म एउटा मान्छे यस्तो देशमा जन्मे जहाँ जन्मकै कारणले म अभागी भएँ दुखी भएँ । अपमान र तिरस्कारका घुट्का पाइला पाइलामा पिउँदै बाँच्नु परेको छ आज ।

म जन्मेको देश ठूला दुई देशहरू, चीन र भरतका बीचमा अवस्थित छ । मेरो देश नेपाल चीनभन्दा पचास गुना सानो र भारतभन्दा २५औं गुना सानो छ । हजारौं विगाहाका मालिक जमिन्दारहरूका बीचमा हामी एक विगाहा जमिन लिएर बाँच्न विवश छौं । बाहिरी संसारमा पुग्ने हाम्रो अर्को बाटो छैन । ठूला छिमेकीहरूले अनुमति दिए । अल्लि बाहिरका छिमेकीहरूसँग भेट गर्न पाउँछौं । अनुमति नदिए पाउँदैनौं । ठूलाबडा मान्छे अल्लि असजिलो मानसिकताले बनेका हुन्छन् । उनीहरू आफूभन्दा कमजोर मान्छेलाई मान्छेका रूपमै गन्दैनन् । ती साना मान्छेहरूले ठाडो शीर गरेर हिँडेको पनि उनीहरू मन पराउँदैनन् । राम्रो लगाएर हिँडेको पनि मन पराउँदैनन् । खुसी अनुहार लिएर उभिएको पनि उनीहरूलाई मन पर्दैन । हाम्रा सन्तानले प्रगति गरेको देख्दा पनि उनीहरूलाई सह्य हुँदैन । समग्रमा हाम्रो उन्नति प्रगतिले उनीहरूलाई डाह हुन्छ, ईर्ष्याले जल्छन् । हाम्रो आफ्नै घरमा हामीलाई आत्मनिर्भर भएर बाँच्न पनि दिँदैनन् । हामी सबै सधैं तिनका आसेपासे भएर मात्र बाँची रहूँ भन्ने चाहना राख्दा रहेछन् ।

भारतीयहरूलाई अङ्ग्रेजहरूले २०० वर्षसम्म दास बनाएर राखे पनि फाइदै फाइदा भएछ । सयौं टुक्रामा छरिएर आपसमा लड्दै बाँचेका भारतीयहरूलाई अङ्ग्रेजहरूले आजको एउटा विशाल राष्ट्र हातमा राखिदिए । अङ्ग्रेजहरू भारत आउँदा हामीलाई पो ठूलो नोक्सान भएछ । उनीहरूले हाम्रो विस्तार निर्माणलाई रोकिदिए । स्वतन्त्रता दिएर हामीलाई चाहिँ अपाङ्ग जस्तै बनाइदिए कतै हलचल गर्न नसक्ने अपाङ्ग ।

सन् १९४० मा अङ्ग्रेजहरूले भारत छोडेर जाँदा भारतीयहरूलाई एउटा विशाल राष्ट्र बन्ने पूर्वाधार पनि बनाइदिए । विरासतमा भारतीयहरूले आफ्ना मालिकहरूको साम्राज्यवादी विस्तारवादी सोच पनि पाए । स्वतन्त्रता पछि सत्तामा पुग्ने हरेक भारतीय नेताहरूले अङ्ग्रेजहरूको जस्तो दमनकारी र कपटी दुर्गुण वंशानुगत रूपमा पाएछन् ।

मलाई निकै अघिदेखि लागेको हो । हाम्रो दक्षिण सीमानामा एउटा अजङ्गको विषालु र डरलाग्दो अजिङ्गर सुतिरहेको छ । बेला बेला ऊ फुङ्कार छोड्छ । हामीले यताउति हेर्नै हुन्न ऊ रिसले भाउन्न हुन्छ । उसको पेटमा हाम्रा सुस्ता, सोमेश्वर, टनकपुर, कालापानी, लिपुलेक छन् । उसको पेटमा अझ पहिल्यै मेची पचिसकेको छ । सिक्किम पचिसकेको छ । हाम्रो माने भञ्ज्याङ मेचीकिनार सबै सबै पचाइ सकेको छ । यो लामो आयु पाएको अजिङ्गर हो यो सित्तिमित्ती मर्दैन ।

आजको केही दिन अघि नेपाली समाचार माध्यमहरूमा वीरगंज न.पा. १ छपकैया गाउँको करिब ५० विघा जमिन त्यो अजिङ्गरले निल्नका लागि तीखा दाँत गाडिसकेको समाचार आए । यही माघ १७ गते मैले पनि दे.ज.मो.का साथीहरूसँग छपकैया पुग्ने मौका पाएको थिएँ । यात्राभरि मनमा अनेकौं उकुसमुकुस र कौतुहलका छालहरू उफ्रँदै थिए । मन एकतमासको हलचलले कम्पायमान थियो । देशभक्त विज्ञहरू (फणिन्द्र नेपाल, नोबल खड्का र बुद्धिनारायण श्रेष्ठ) छिमेकी भारतले हाम्रो सानो देश नेपालका ७१ भन्दा बढी ठाउँहरूमा सीमा अतिक्रमण गरिसकेको छ, सीमानामा बााध बाँधेर हाम्रा गाउँबस्तीहरू डुबानमा पारिसकेको छ, "लौन सत्तामा बसेर शासन चलाउनेहरू देशमाथि हुने गरेको अतिक्रमणको विरोध गर र मिचिएको (अतिक्रमित) भूभागहरू फिर्ता गर" भनेर चिच्याइरहेका छन् । तर विडम्बना कस्तो भैरहेछ भने सत्ताशीन र सत्तामा पुग्न लालायित कुनै पनि दलका नेताहरू । यस्ता अतिक्रमणका विरुद्ध एक शब्द पनि बोल्दैनन् । ती विभिन्न अतिक्रमणका पीडाले छटपटिएका बेला विभिन्न समयमा म पनि सुस्ता, सोमेश्वर, जोगवनी, पशुपतिनगर, वनवासा र टनकपुर पुगेँ । ती अतिक्रमित ठाउँहरूको दुःखद दृष्टिले मात्र पनि मन एकदम क्षत्‌विक्षत भयो । टुलुटुलु हेरैं, आँखाभरी आँशु लिएर, के गर्नु देशको एउटा नागरिकले गर्ने कुरा केही हुँदो रहेनछ । सत्तामा पुग्ने जो कोही पनि तिनै प्रभुको दलाल भैसक्तो रहेछ ।

७ बजे हिँड्ने भनिए पनि सि.एम.सि. अगाडिबाट पौने आठमा मात्र एउटा मिनी बसमा हामी हिँड्यौं । टाँडी, पर्सा र भण्डाराबाट विभिन्न कलेजका विद्यार्थीहरू पनि यात्रामा सामेल भएपछि बस भरीभराउ भयो । सबैलाई सिट पुगेन । हामी बूढाहरूलाई भने विद्यार्थीहरूले माया नै गरे । बीचबीचमा ओर्लेर चढ्दा पनि सिट कब्जा गरेनन् । बसे नै पनि लौ बुबाहरू बस्नोस् भनेर छोडिदिए । नयाँ पिढीमा एउटा सभ्यताको भने विकास भएछ कि भन्ने पनि लाग्यो ।

साथमा अ.ने.ज.साँ.स. का मित्रहरू रविकिरण निर्जीव, ईश्वरी ओझा, मोदनाथ मरहठ्ठा र अशोक शर्मा पनि हुनुहुन्थ्यो ।

हेटौँडा पुग्दा ११ बजेको (खानाखाने बेला टर्न लागेको) थियो । हाम्रो बसलाई किन हो ट्राफिकले पार्कभित्र प्रवेश दिएनन् । पार्किङ्कालागि वनविज्ञान अध्ययन संस्थान अगाडि पुग्नु पऱ्यो । खानाको खोजीमा पुनः १ कि.मि. जत्ति हिँडेर बसपार्क नै आउनु पऱ्यो । खाना खाएर हिँड्दा १२ बज्यो । यहाँ पनि केही स्थानीय भाइहरू सीमा अवलोकन अभियानमा थपिए ।

२ः३० मा वीरगंजको घण्टाघरनेर पुगियो । त्यसपछि हाम्रो बस त्यहाँको अव्यवस्थित ट्राफिक जाममा फस्यो । कछुवा गतिमा कहिले पूर्व कहिले पश्चिम र कहिले दक्षिण अनि कहिले पश्चिम घुम्दै धुलाम्मे र साँगुरा गल्ली, गल्छेडाहरू पार गर्दै सीमा नजिक नजिकै अलिकति सडक छेउमा बस पार्किङ्का लागि ठाउँ मिल्यो र चालकले बसलाई त्यहीं विश्राम दिए । हाम्रो अघि अघि दुईजना स्थानीय व्यक्तिहरू मोटरबाइकमा पथप्रदर्शन गरिरहेका थिए । तिनीहरू पनि नभएका भए त वीरगञ्जको माकुरे जाल जस्तो बस्तीमा हामी हराउने रहेछौं । पैदल पनि करीब ३ कि.मि. जति हिँड्नु पऱ्यो । बसबाट ओर्लेपछि नै हामी सडकमा पङ्क्तिबद्ध भयौं । हातहातमा प्लेकार्ड, राष्ट्रिय झण्डा, अनि छातीछातीमा भारतीय हस्तक्षेपका विरुद्ध र दलाल नेता र सरकारका विरुद्ध लेखिएका नाराहरू टाँसेर हामी स–स्वर नारा लगाउँदै मुठ्ठी उठाउँदै अघि बढ्यौं । ने.क.पा. क्रान्तिकारीका साथीहरू पनि आफ्नो पार्टीको झण्डा फहराउँदै अघि बढ्नु भएको थियो ।

तत्काल गर्न सकिने केही नभए पनि राष्ट्रप्रति आपत आइलाग्दा सचेत जनता त उठ्नै पर्ने थियो जाग्नै पर्ने थियो । सुतेकाहरूलाई व्युँझाउनु पर्ने थियो । त्यसक्षेत्रका जनताका कानमा राष्ट्रभक्तिका भावना भर्नु थियो । त्यसतर्फ केही काम त भयो कि भन्ने लाग्यो ।

...बाँकी ७ पेजमा

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस र क्रान्तिकारी महिलाहरूको वीरगाथाको इतिहास

'महिलाहरूको व्यापक सहभागिताविना समाजवादको स्थापना असंभव छ ।' -भ्लादिमिर इलियच लेनिन

सन्दर्भ : १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

● हस्तबहादुर के.सी ●

सन् १८५७ मा अमेरिकी महिलाहरूले न्यूयोर्कमा रहेको कपडा मिलमा आफूहरूलाई पनि पुरुष सरह समान श्रम र समान पारिश्रमिक पाउनु पर्ने माग राखि इतिहासमै पहिलो पटक हड्तालमा उत्रिएका थिए ।

यो विश्वकै पहिलो सशक्त र संगठित महिला विद्रोह थियो । र, त्यही संघर्षको निरन्तरता स्वरूप सोही मिलमा तीन वर्षपछि सन् १८६० को मार्च ८ मा पहिलो महिला संगठन स्थापना गरेका थिए । यसैक्रममा केही वर्ष पछि फ्रान्सको पेरिसमा सन् १८८९ मार्च ८ कै दिन भएको श्रमिक महिलाहरूको पहिलो अन्तर्राष्ट्रिय सम्मेलनमा सर्वप्रथम महिला नेतृ क्लारा जेट्किनले महिला पुरुष बीचको समानता र अधिकारबारे संबोधन गरेकी थिइन । यस्तै सन् १८९७ मार्च ८ कै दिन अमेरिकाको औद्योगिक शहर सिकागोमा ज्याला र दश घण्टा भन्दा बढि कामको विरोधमा जुलुस, आमसभा र हड्ताल गरेका थिए । यहानेर थोरै इतिहासको श्रृंखलाको कडी जोडौं । विश्व मानव समाजको विकासको एउटा कालखण्ड यस्तो पनि थियो कि त्यो बेला समाजमा मातृ सत्ता थियो । श्रम विभाजन र निजी सम्पत्तिको थालनी सँगै क्रमशः मातृसत्ताको पितृ सत्ताले लियो । पितृ सत्ताले महिला जैविक हिसाबले कम्जोर हुने भनी व्याख्या गर्न थाल्यो । यसका साथै महिलाहरू बौद्धिक हिसाबले पनि कमजोर हुन्छन् भनी दोस्रो तहमा राख्नु पर्ने भनि व्याख्या गरियो । त्यस पछि राजनीतिबाट बञ्चित गरिदै लगियो, आर्थिक गतिविधिमा होइन, घरेलु र अनुउत्पादक ठाउँमा सिमित गरिदै लगियो । र मताधिकारबाट समेत बञ्चित गरियो ।

यसै क्रममा मताधिकारको माग गर्दै महिलाहरूले संगठित रूपमा आन्दोलनको सुरुवात गरे । सन १९०८ मा तत्कालिन रुसमा गास, वास र कपासको नारा थपेर अरु आन्दोलनको उठान भयो । त्यसरी नै अन्तर्राष्ट्रिय महिला आन्दोलनको रूप ठूलो बन्दै गयो । अन्ततः सन् १९११ मा क्लारा जेट्किन, रोजा लग्जमवर्ग अगुवाइमा कोपेनहेगनमा भएको दोस्रो अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने निर्णय गऱ्यो । सो सम्मेलनमा १७ देशका १०० भन्दा बढी महिलाहरू सहभागी रहेका थिए ।

नेपालमा सन १९७.५ देखि अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आएको इतिहास छ । यसरी आज अन्तर्राष्ट्रिय श्रमिक महिला आन्दोलनले ८ मार्चलाई आफ्नो स्थापना दिवस मनाउने सन्दर्भमा १०७ वर्ष पूरा गरी १०८औं वर्षमा प्रवेश गरेको यस ऐतिहासिक अवसरमा नेपाललगायत विश्वभरका श्रमजीवी तथा उत्पीडित महिलाहरूले सन् २०१८ मार्च ८ लाई १०८औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा भव्यताका साथ मनाएका छन् र थप अधिकार प्राप्तिका लागि निरन्तर रूपमा संघर्षरत रहने प्रतिबद्धताको उद्घोषसमेत गरेका छन् ।

संसारको सम्पूर्ण जनसंख्याको आधा हिस्सा महिलाहरूले ओगटेका छन् । महिलाहरूको सहभागिता विना पुरुषहरूबाट मात्र मानव समाजको विकास र परिवर्तन संभव छैन । इतिहासदेखि आजसम्म मानव समाजको उथलपुथल, विकास, उन्नति र अवोन्नतिमा समेत महिलाहरूको ठूलो भूमिका रहँदै आएको छ । अतः मानव समाजको विकासको क्रममा पुरुषसरह महिलाहरूको पनि उत्तिकै दायित्व निर्वाह हुँदै आएको इतिहास छ ।

सन् १८७१ मा पेरिस कम्युनको स्थापनामा हजारौ महिलाहरू सहभागी बनेका थिए र पेरिस कम्युनको स्थापनाको ७२ दिनमै प्रतिक्रान्ति भएर दमन हुने क्रममा पनि प्रतिक्रियावादीका सेनाहरूबाट हजारौं महिलाहरूले पुरुषसँगै हत्या गरिएका थिए र वीरताको गौरवपूर्ण गाथा निर्माण गरेका थिए ।

यस्तै सन् १९१७ अक्टुवर २५ मा सम्पन्न महान् रुसी अक्टुबर समाजवादी क्रान्तिमा रुसका श्रमिक महिलाहरूले अतुलनीय योगदान पुऱ्याएर क्रान्तिकारी तथा संघर्षशील महिलाहरूको इतिहासमा वीरताको गौरव गाथा बुन्न अग्रपंक्तिमा खडा हुन पुगेर संसारभरका श्रमजीवी महिला र आम शोषित, पीडित तथा उत्पीडित जनसमुदायलाई प्रेरणा प्रदान गरेका थिए ।



महान् चिनीयाँ नयाँ जनवादी क्रान्ति तथा जापान विरोधी प्रतिरोध युद्धमा चिनीयाँ श्रमिक तथा क्रान्तिकारी महिलाहरूले अतुलनीय योगदान पुऱ्याएका थिए । र बलिदानको अनुपम गौरवगाथा कोर्न अग्रपंक्तिमा खडा हुन पुगेका थिए । हजारौ चिनीयाँ महिलाहरू लालसेनामा भर्ती भएर वीरतापूर्ण संघर्षमा सरिक भएका थिए ।

कमरेड माओत्सेतुङको जीवनसंगिनीसमेत रहेकी याङकाई हुइलाई सन् १९३० मा च्याङकाई सेकको प्रतिक्रियावादी सरकारका सेनाले राजधानी बेइजिङमा जेलबाट बाहिर निकालेर गोली ठोकेर पासविक ढंगले हत्या गरेका थिए । चिनीयाँ महान् वीरगांना याङकाई हुईले विश्वकै क्रान्तिकारी महिलाहरूको इतिहासमा आफूलाई पहिलो नम्बरमा उभ्याउन सफल हुनु भएको थियो ।

महान् चिनीयाँ सर्वहारा सांस्कृतिक क्रान्तिका क्रममा क्रान्तिकारी चिनीयाँ महिलाहरूले चिनीयाँ समाजको रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए । महान् चिनीयाँ सर्वहारा सांस्कृतिक क्रान्तिकै एकयोद्धा कमरेड माओकी जीवनसंगीनी च्याङचिङलाई माओको सन् १९७६ मा निधनपश्चात् प्रतिक्रान्तिकारी देङमण्डली गुटले ग्याङफोरको सदस्य भएका कारण गिरफ्तार गरेर आजीवन कारावासको सजाय दिइएको थियो । र पछि षड्यन्त्रपूर्ण ढंगले उहाँलाई जेलमै आत्महत्या गरेर षड्यन्त्रको तानावाना बुनेर रहस्यमयी ढंगले हत्या गरियो । उत्तरकोरियाको जनमुक्ति युद्ध तथा विश्वविख्यात कोरियन युद्धमा पनि कोरियन महिलाहरूले वीर वीरंगानाहरूले योगदान र बलिदानको अनुपम उदाहरण प्रस्तुत गरेका थिए ।

यस्तै भियतनामी युद्ध र तथा अमेरिकी साम्राज्यवाद विरोधी राष्ट्रिय प्रतिरोध युद्धमा वीर भियतनामी महिला योद्धा तथा वीरंगानाहरूले संसारमै वीरता र बहादुरीको गौरव गाथा निर्माण गर्दै अमेरिकी साम्राज्यवादलाई कहिल्यै पनि भियतनामतिर फर्केर हेर्न नसक्ने बनाएर खरानीमा परिणत तुल्याएर धापाएर भियतनामलाई मुक्त तुल्याएका थिए ।

त्यस्तै कम्बोडिया, क्युवालगायतका देशहरूमा सञ्चालन गरिएका मुक्ति युद्धहरूमा त्यहाँका क्रान्तिकारी तथा श्रमिक महिलाहरूले पुरुषसरह अतुल्नीय योगदान र बलिदान गरेका थिए ।

हाम्रो देश नेपालमा समेत महान् दश वर्षे जनयुद्धको क्रममा हजारौ नेपाली महिलाहरू युद्धमा लामबद्ध मात्र नभएर जनमुक्ति सेनामा समेत सामेल भएर महत्वपूर्ण योगदान पुऱ्याएकार थिए र हजारौं नेपाली महिलाहरूले त्यस जनयुद्धको क्रममा सहादत प्राप्त गरेर नौलो संसार सृजना गर्ने महान् यात्रामा आफ्नो गौरवपूर्ण वीरताको इतिहास निर्माण गर्न अग्रपंक्तिमा उभिएका थिए भने अन्य सामाजिक तथा राजनीतिक परिवर्तनहरूमा समेत नेपालका महिला वीर वीरंगानाहरूले नयाँ इतिहास निर्माण गर्न सफल भएका छन् ।

त्यस्तै पेरुको जनमुक्ति आन्दोलनमा अर्थात् पेरुभियाली जनयुद्धमा पनि हजारौं महिलाहरूले अतुलनीय योगदान र बलिदान पुऱ्याएको इतिहास विश्वजनताका सामु ताजै छ ।

आजको युग साम्राज्यवाद तथा सर्वहारावर्ग बीचको भीषण संघर्षको युग हो । अर्थात विश्वसर्वहारा क्रान्तिको युग हो । विश्वक्रान्ति अवश्यम्भावी छ ।

नेपाललगायत विश्वका कैयौं देशहरू आजसम्म पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामा रहेका छन् । यी देशहरूमा सर्वहारावर्गले नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गरेर वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने दायित्व पूरा गर्नु पर्ने छ भने कतिपय पुँजीवादी तथा साम्राज्यवादी समाजव्यवस्थामा विकास गरि सकेका देशहरूले वैज्ञानिक समाजवाद हुदै साम्यवादसम्म पुग्ने लक्ष्य राखेर अगाडि बढ्ने काम बाँकी नै छ । विश्वमानव समाज त्यहाँ नपुगुन्जेलसम्म फेरी पनि विश्वका लाखौं करोडौं श्रमिक तथा उत्पीडित महिलाहरूले पुरुषसरह वर्गयुद्धमा लामबद्ध भएर अरु योगदान र बलिदान गर्नु पर्ने छ नै ।

वर्ग रहेसम्म वर्गीय समाजमा वर्गविभेद कायमै रहने कुरा निश्चित छ । यस प्रकारको वर्गविभेद र वर्गीय शोषण उत्पीडनलाई अन्त्य गरेर मानव-मानवबीच शोषणको अन्त्य गर्नको लागि वर्गयुद्धको विकल्प छैन । अन्तर्राष्ट्रिय श्रमिक महिला आन्दोलन समाजवादी आन्दोलन तथा महिला मुक्ति आन्दोलनमा क्ला जेनी मार्क्स, नदिज्जा क्रुश्काय, याङकाई हुई, क्लारा जेट्किन, रोजा लग्जमवर्ग, अलेकजान्ड्रा कोलोन्ताई, नाताशा, मार्क्सको कान्छी छोरी इलेनर मार्क्स आदिको संघर्षको गौरवगाथाबाट पाठ सिक्न जरुरी छ ।

महिलाहरूमा अझै पनि एकातिर वर्गविभेद र अर्कोतिर पुरुषबाट समेत विभेद गरिने प्रचलन र संस्कार कायमै छ । महिलाहरू माथि हुने यो दोहोरो शोषणको सदाको लागि अन्त्य पनि विश्वक्रान्तिले मात्र गर्ने भएकाले महिलाहरूको फेरी पनि वर्गयुद्धमा योगदान र बलिदान हुनु अनिवार्य छ । अतः वर्गीय विभेद र पुरुषहरूबीचको विभेदहरूलाई सदाको लागि अन्त्य गर्नका निम्ति श्रमि तथा क्रान्तिकारी महिलाहरू वर्गयुद्धमा लामबद्ध हुनुको विकल्प छैन । १०८ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस भव्यताका साथ मनाउनुको सार्थकता पनि यसैमा निर्भर छ । अन्त्यमा वर्गीय तथा महिला मुक्ति आन्दोलन जिन्दावाद ।

क्रान्तिकारी यातायात मजदुरहरूको काठमाडौं जिल्ला भेला सम्पन्न

काठमाडौं । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ सम्बद्ध अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघको काठमाडौं जिल्ला भेला सम्पन्न भएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) का केस तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो भेलामा महासंघका कार्यालय सदस्य तथा ३ नं. प्रदेश प्रयाक्सन इन्चार्ज फुर्नाम्गेल मोक्तान, कार्यालय सदस्यहरू बद्री चापागाई, केशव सुवेदी, महासंघका ३ नं. प्रदेश संयोजक अर्जुनलाल श्रेष्ठ लगायत नेताहरूको उपस्थित रहेको थियो ।

काठमाडौंको बत्तिस पुतलीमा भएको उक्त भेलाले अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघको काठमाडौं जिल्ला अध्यक्षमा धर्मराज दाहाललाई निर्वाचित गरेको छ । २६ फागुनमा सम्पन्न उक्त भेलाले उपाध्यक्षहरूमा दिलबहादुर तामाङ, कुमार रानामगर, रवि लामा, युवराज खड्का, राजु कार्की, दामोदर भण्डारी, सचिवमा तुलनारायण श्रेष्ठ, सह-सचिवमा केदार न्यौपाने, कोषाध्यक्षमा राम अर्याल, सह-कोषाध्यक्ष रोशन तामाङलाई निर्वाचित गरेको छ भने सदस्यहरूमा मोहम्मद मुन्ना खान, राजु ढकाल, हिम गिरी, ज्ञालेन्द्र मगर, नविन खड्का, सञ्जय शाह, बालकृष्ण मैनाली, राम चौधरी, विकास लामा, ईश्वर केसी, छिरीङ शेर्पा, दिनेश कार्की, प्रदिप श्रेष्ठ, राजेश तामाङ, शेर बहादुर कार्की, प्रकाश बस्नेत, दिल बहादुर खड्का, लोकनाथ पाण्डे र राम तामाङलगायत ३१ जनालाई चयन गरेको छ । सैयौ यातायात मजदुरहरूको उपस्थितिमा सम्पन्न उक्त भेलामा कुमार घताने, छत्र कार्की, जितबहादुर राई, दिल बहादुर तामाङलगायत मजदुर नेताहरूको पनि उपस्थिति रहेको थियो । भेला पूर्ण बहादुर लामाको अध्यक्षता सम्पन्न भएको थियो ।

यसैबीच, सोही भेलाले मोदनाथ रुचालको अध्यक्षतामा ११ सदस्यीय अखिल नेपाल क्रान्तिकारी निर्माण मजदुर संघ पनि गठन गरेको छ । भेलाले उपाध्यक्षमा उमेश लामा, सचिव किरण लामा, सहसचिव कृष्ण मगर, कोषाध्याक्ष रुद्र राई र सदस्यहरूमा दावा शेर्पा, मेघनारायण श्रेष्ठ, शेरबहादुर तामाङ, मानबहादुर तामाङ, राजेश तामाङ र कुमारी मगर रहेको कमिटि निर्माण गरेको हो ।

दाङमा क्रान्तिकारी माओवादीको एरिया भेला सम्पन्न

घोराही । नेकपा क्रान्तिकारी माओवादी दाङले पार्टीको तीन महिने अभियानका क्रममा पार्टी सङ्गठनको गठन पुनर्गठन गर्ने कार्यलाई तीव्रता दिएको छ । यसै बीच दुई नम्वर एरियाको भेला शुक्रबार घोराहीमा सम्पन्न भएको छ । एरिया इञ्चार्ज क.पारसको अध्यक्षतामा सम्पन्न भेलाले क.नविनको नेतृत्वमा दुई जना पछि थप्ने गरि १५ सदस्सीय एरिया समिति पुनर्गठन गरेको छ । अन्य सदस्यहरूमा क्रमशः वादल, उज्ज्वल, ज्वाला, समीक्षा, अमृत, शिव, मुकेश, विशाल, किसान, देवा, मिलन र गंगाराम रहनुभएको छ ।

भेलालाई नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा दाङ जिल्ला इन्चार्ज हिरामणि दुःखीले सम्वोधन गर्नु भएको थियो । सम्वोधनका क्रममा दुःखीले माके गुटको एमालेमा विलय पछि क्रान्तिकारी संसोधनवादीहरूको कित्ता क्लीयर भएको र अब क्रान्किारीहरूको एकिकरण र ध्रुविकरणको विकल्प नरहेको बताउनु भयो । पार्टीले चलाएको तीन महिने अभियानको उद्देश्यबारे स्पष्ट पार्दै यतिवेला पार्टीको अर्जुनदृष्टि सङ्गठन निर्माणमा लगाउनु पर्ने भन्दै वार्ड र शेल कमिटी निर्माणमा लाग्न सबैलाई निर्देशन दिनुभयो ।

भेलामा जिल्ला सेक्रटरी क.रामजी थारु, प्रदेश सदस्यहरू सागर, अजय, परिवर्तनले भेला सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । सो भेला पछि बसेको एरियाको बैठकले एरियाका सबै वार्डहरूमा आगामी चैत २० गतेसम्म वार्ड कमिटी निर्माण गर्ने निर्णय गर्दै कार्य विभाजन पनि गरेको छ ।

काठमाडौं नपा-१८ नं. वडामा देजमो गठन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको काठमाडौं महानगरपालिका वडा नं. १८ मा वडा कमिटि गठन गरिएको छ । क्रान्तिकारी माओवादीका काठमाडौं ३ नं. इलाकाका इन्चार्ज वन्धु पाण्डेको प्रमुख उपस्थितिमा भएको भेलाले खड्गकुमार श्रेष्ठ संयोजक र अष्टनारायण मानन्धर, भेष नारायण श्रेष्ठ, लक्ष्मीप्रसाद श्रेष्ठ, विजयलाल शाही, राजी बञ्जारा, नारायणप्रसाद जोशी सदस्य रहेको देजमोको वडा कमिटि निर्माण गरेको हो । भेलाले स्थानीय समस्याहरूलाई केन्द्रित गरी सम्बन्धित निकायमा मागपत्र पेश गर्ने निर्णय गरेको छ । भेलामा पार्टी इलाका सेक्रेटरी फणिन्द कार्की र मोर्चा संयोजक उमेश श्रेष्ठलगायत नेताहरूको उपस्थिति रहेको थियो ।

क्रान्तिकारी अटो मेकानिक्स मजदुर संघको बैठक सम्पन्न

काठमाडौं । अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको आंगिक संगठन अखिल नेपाल क्रान्तिकारी अटो मेकानिक्स मजदुर संघको केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ । क्रान्तिकारी माओवादीका केस तथा महासंघका कार्यालय सदस्य फुर्नाम्गेल मोक्तानको विशेष आतिथ्यतामा सम्पन्न बैठकले प्रत्येक केसले पाँच पाँचवटा कमिटि निर्माण गर्ने, अटो मेकानिक्स मजदुरहरुलाई ट्रेनिङको व्यवस्थागर्ने, साथै शनिबार विदा पाउने व्यवस्थाका लागि आन्दोलन गर्ने, सेप्टी ड्रेस साधन सम्बन्धित अटो व्यवसायीहरुबाट व्यवस्था गर्न पहल गर्ने लगायतका निर्णय गरेको छ । संघका अध्यक्ष कुमार घतानीको अध्यक्षतामा बसेको बैठकले १७ चैत्र भित्र भक्तपुरको, चैत्र १० मा काठमाडौं र १५ चैत्रभित्र ललितपुरको जिल्ला भेला सम्पन्न गर्ने पनि निर्णय गरेको छ ।

रूपन्देहीको सम्मरीमाई गापामा देजमोको वडा कमिटी गठन

● **भीमबहादुर भुजेल**

बुटवल । रूपन्देहीको मर्चवार क्षेत्रमा शनिबार सम्पन्न एक भेलाले रूपन्देहीको सम्मरीमाई गाउंपालिकामामा नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको वडा भेला सम्पन्न भएको छ । देजमोका कार्यालय सदस्य तथा ५ नं. प्रदेश संयोजक केबि गुरुङ्गले प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले अष्टभुजा प्रसाद दुबेको संयोजकत्वमा ९ सदस्यीय वडा कमिटीमा गठन गरेको छ । भेलाले उक्त कमिटिको सदस्यहरूमा क्रमशः झुलन देवान, अब्दुल रहमान, राजु लोध, फकरुद्धिन खां, मोहम्मद फारुक, अब्दुल मजिद, गणेश मल्लाह र नन्दलाल लोधलाई चयन गरेको छ ।

भेलामा देजमो केन्द्रीय सदस्य टिपु सुल्तान, जिल्ला संयोजक आर.पी. शर्मा, जिल्ला सदस्य ईस्लाम खान लगायतको सहभागिता रहेको थियो । भेलाको सञ्चालन देजमो, नेपाल रूपन्देहीका सचिवालय सदस्य मोजीव अलिको सञ्चालनले गर्नुभएको थियो ।

रूपन्देहीमा दलित मुक्ति मोर्चाको पुर्नगठन

● **भीमबहादुर भुजेल**

बुटवल । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट नेपाल दलित मुक्ति मोर्चा रूपन्देहीको एक भेला गरी पुर्नगठन भएको छ । क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य एवं ५ नं. प्रदेश संयोजक प्रेम सुवेदीको प्रमुख उपस्थितिमा सम्पन्न भेलाले शेर बहादुर वि. क. को संयोजकत्वमा ९ सदस्यीय नेपाल दलित मुक्ति मोर्चा, रूपन्देही जिल्ला समितिको पुर्नगठन गरेको हो । अन्य सदस्यहरूमा क्रमशः सन्त वि. क., सुरज परियार, राजन वि. क., पवन परियार, कृष्ण सुनार, नौमति वि. क., खडक बहादुर परियार र जीवन कुमारी वि. क रहनु भएको छ ।

भेलामा नेता सुवेदीले देशको समसामयिक राजनैतिक परिस्थिति र भावि पार्टीका रणनीतिबारे सम्पूर्ण उपस्थितिहरूलाई प्रशिक्षण दिनु भएको थियो

दिवससँगै अनेमसंघ (क्रान्तिकारी)को कास्की जिल्ला कमिटी गठन

पोखरा । १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर गरिएको क्रान्तिकारी महिलाहरूको भेलाले भेलाले उर्मिला श्रीसको संयोजकत्वमा २५ जना सदस्यीय अखिल नेपाल महिला संघ (क्रान्तिकारी) कास्कौ जिल्ला समिति गठन गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी) पोलिटब्यूरो सदस्य तथा ४ नं. प्रदेश सचिव श्यामको प्रमुख आतिथ्यतामा संम्पन्न उक्त भेलाले उपाध्यक्षमा सविना परियार, सचिवमा धनमाया थापा, सहसचिवमा डिलकुमारी पुन, कोषाध्यक्षमा विष्णु राना, सचिवालयमा विनीता तामाङ्ग, मिना कोइराला, दिव्यकुमारी थापा र शारादा खनाल र सदस्यहरूमा शुकमाया परियार, रेजिना गोतामे, लक्ष्मी वि.क., शुमित्रा गुरुङ्ग, दिलकुमारी रोकाय, कमला बराल, सुनथामी वि.क., पार्वती बरुवाल, देवकुमारी वि.क., लक्ष्मी वि.क., पार्वती बराल, मनकुमारी वि.क., सुजन पाचकोटी, नौली वि.क., कुन्ती घले र उषा तामाङ्गलाई चयन गरेको छ ।

पार्टीका पोलिटब्यूरो सदस्य तथा देजमो नेपाल ४ नं. प्रदेश संयोजक केशवहादुर परियार, पार्टी केन्द्रीय सदस्य तथा कास्की जिल्ला इन्चार्ज कमरेड अरुण, अनेमसंघ (क्रान्तिकारी) का केसहरू कल्पना थापा र देवी थापा, जनसा'स्कृतिक महासंघ केन्द्रीय सदस्य शशिला थापा, नेपाल राष्ट्रिय प्राध्यापक संगठनका केन्द्रीय उपाध्यक्ष परशुराम कोइराला, तमु राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय सदस्य टेकवहादुर गुरुङ्ग, देजमो कास्की जिल्ला सदस्य भोजराज त्रिपाठी, अनेरास्ववियू कास्की जिल्ला संयोजक सम्झना परियार लगायतको उपस्थिति रहेको उक्त भेलामा अर्न्तराष्ट्रिय श्रमिक महिला दिवसको महिमा र महत्वको सन्दर्भमा बोल्दै अतिथिहरूले महिला नवगठित जिल्ला समितिलाई बधाई तथा शुभकामना दिनु भएको थियो ।

कार्यक्रममा अखिल नेपाल मजदुर संगठन (क्रान्तिकारी) का केन्द्रीय सदस्य कर्ण वहादुर पुन, नेपाल दलित मुक्ति मोर्चाकी केन्द्रीय सदस्य सिता परियार, क्रान्तिकारी युवा लिग नेपालका केन्द्रीय सदस्य इन्द्र गुरुङ्ग, देजमो कास्की जिल्ला सचिव राम वहादुर पुन, क्रान्तिकारी युवा लिग नेपाल कास्की जिल्ला संयोजक कुलवहादुर विश्वकर्मा, नेपाल दलित मुक्ति मोर्चा कास्की जिल्ला संयोजक राजकुमार सुनार सुकुम्बासी मोर्चा कास्की जिल्ला संयोजक संजय कार्की लगायतको उपस्थिति रहेको थियो । उर्मिला श्रीसको अध्यक्षतामा सम्पन्न उक्त विशाल महिला भेलालाई सविना परियारले स्वागत गर्नुभएको थियो भने भेलाको सञ्चालन धनमाया थापाले गर्नु भएको थियो ।

छपकैया...

सीमानजिक हाम्रो जुलुस पुग्दा प्रहरीहरू पनि सँगै मिसिए । यिनीहरूलाई लागेको हुँदो हो यी मान्छेहरू कतै नयाँ सीमा पारी पनि पुगेर केही गडबडीको सुरुवात गर्छन् कि ?

विरोधका स्वरहरू घन्काउँदै जाँदा सिर्सिया खोला पनि भेटियो । जुन उत्तरतिरबाट नागबेली पर्दै दक्षिण पूर्वतिर बग्दै थियो । भारततिर बग्दै गरेको यो खोलो भारतीय नेताहरूको जस्तै मैलो र कालो थियो । यो खोलो नभएर फोहोरी नाला थियो । खोलाको डीलमा पुग्ने बित्तिकै पश्चिम पारिपट्टि दुई ठूला सेता नयाँ खम्बाहरू गजधम्म बसेका देखिए । स्थानीयहरू देखाउँदै थिए । केही दिन अघिसम्म त्यो हाम्रै जमिन थियो ।

एकजना स्थानीय बृद्ध जो सारै दुब्ला पातला थिए । उनी पनि हामीसँग हिँड्दै थिए । उनीसँग मैले सोधेँ यो सिर्सिया कहिलेदेखि यता आएको हो ?

त्यही बीस पच्चीस दिन भयो ।

त्यसभन्दा अगाडि कता बग्दै थियो त ?

त्यो खोला त धेरै माथिबाट सिधा दक्षिणतिर बग्दै थियो ।

अहिले बर्खा पनि होइन, बाढी आएको पनि छैन ।

अनि कसरी यता आयो त ?

कहाँ हजुर, उनीहरूले उतातिर बाँध बाधेर पानी यता बगाईदियो नि ।

अल्लि अगाडि बढ्दै जाँदा पारिपट्टि नेपाली भूभागतिर तीनवटा खाल्डा पिलर गाड्न ठिक्क पारेका भेटिए । यहाँ चाहिँ पिलर गाड्न जनता, देशभक्त, बुद्धिजीवी र पत्रकारहरूको विरोधका कारण रोकिएको रहेछ । हामी सिर्सिया केही मोडिएर पूर्वतिर बग्दै गरेको किनारमा जम्मा भयौँ । त्यहाँ एउटा विरोध सभाको आयोजना गऱ्यौँ । सभाका प्रमुख वक्ता थिए अखिल क्रान्तिकारीका अध्यक्ष सेवन्त भण्डारी । उनको बोलाइको भाव थियो - पहिलो यो देशका सञ्चालकहरू दलाल हुन् । उनीहरूकै अकर्मण्यता र दलालीका कारणले भारत नेपाली भूमि अतिक्रमण गर्न उक्सिएको हो । नापी विभागको मिलेमतोमा नेपालका भूमिहरू बेचिएका हुन् । नेपालीहरूबेलैमा सचेत भएर देशको सूरक्षामा जुट्नु पर्छ । यो आमसभा चल्दै गर्दा पारिपट्टि भारतीयहरू चर्कोचार्को स्वरमा कराएर हल्ला गर्दै थिए, हाम्रो अभियानलाई गिल्ला गर्दै थिए ।

सभाका अर्का वक्ता थिए २ नं. प्रदेशका एकजना सक्रिय देशभक्त नेता कृष्णदेव सिंह । उनले पारिपट्टिकाले पनि बुझुन् भनेर हिन्दीमैं बोले : हामी वारिपारिका जनतामा कुनै वैमनस्यता छैन । यो सबै स्थिति आएको हाम्रै नेता र सरकारका कारणले हो । हाम्रा नेताहरूलाई देशको माया छैन । उनीहरू आफ्नो व्यक्तिगत स्वार्थका लागि देश बेच्ने गर्छन् । हाम्रो सीमा रातारात सारिएको हुन्छ । आज नेपाली भएर सुतेको मान्छे, भोलिपल्ट ऊ भारतीय भूमिमा हुन्छ । ऊ त्यो भूमिलाई आफ्नो भन्न पाउँदैन । लखेटिनु पर्छ, सुकुम्बारी बन्नुपर्छ, सुस्ताका जनताको त्यस्तै हालत भयो । मेची किनारका बस्तीहरू त्यसरी बलात्कृत भए । माने भञ्ज्याङ त्यसरी लुटियो । देश लुटिँदा नेपाली जनता अनाथ हुँदा नेपालको सत्ता कहिल्यै बोलेकै छैन । भारतसँग नेपालका चारवटा नक्सा छन् । ऊ नयाँ नयाँ नक्सा बनाइरहन्छ । आफ्ना दलाल हाम्रा सत्ता सञ्चालकहरूलाई पैसाले किन्छ र सीमाना मिचिरहन्छ जनता व्युँझेर राष्ट्ररक्षा गर्ने कहिले हो खोई तर जनताले हरेस खानुहुन्न देशभक्त नेता जन्माउनु पर्छ अनिमात्र देशको रक्षा हुन्छ ।

कार्यक्रमको अन्तिममा केही पत्रिकाका पत्रकाहरू हुँ भन्नेहरूले भण्डारीसँग अन्तर्वार्ता पनि लिए । ती मध्ये १ जनाले म नवभारत टाइम्स पत्रिकाको सम्वाददाता हुँ पनि भन्दै थियो । उनीहरूको प्रश्न सोधाइ बुझ्दा लाग्थ्यो यिनीहरू सबै भारतीय नै हुन् । ५ बजे हामी अतिक्रमित सीमाबाट दुःखी र आक्रोशित मन लिएर फर्क्यौँ । घण्टाघरचोकमा एक कोणसभा राखियो । केही विद्यार्थीहरूबाट आजको कार्यक्रमबारे प्रकाश पार्दै दलाल हाम्रो सरकार र अतिक्रमणकारी भारतीय सत्तालाई चेतावनी दिए ।

घण्टाघरकै तल एउटा अनसन कार्यक्रम पनि २७औँ दिनमा चल्दै रहेछ । तीनतीन घण्टाको रिले अनसन रहेछ त्यो । बुझ्दा थाहा पाइयो यो अनसन त दुई नम्बर प्रदेशको राजधानी वीरगंजलाई बनाउनुपर्छ भन्ने रहेछ । यहाँका नेताहरूको यो गैह्रराष्ट्रवादी नियत देख्दा मन सारै दुख्यो । आफ्नै आङ्मा आगो लागेको छ । यिनलाई मतलब छैन । नेपालप्रति माया भए, यो अनसन त "देशको सूरक्षा गरी पाऊँ" भन्नका लागि हुनुपर्थ्यो । यो अनसनको पारा देखेर मोदनाथजी भन्दै हुनुहुन्थ्यो : यी बद्मासहरूलाई के को देशको चिन्ता ? यसलाई राजधानी बनाउन पाए । ठूलो व्यापार गरेर सम्पत्ति कमाउला भन्ने मात्रै छ ।

करीब ५:३० बजे घण्टाघरबाट बसतिर जाँदै गर्दा भोको पेटले मकै देख्यो । दशदशका पाँच पोका फुल मकै र एकमाना बदाम लिएँ । त्यो फुटपाथ पसले सोध्दै थियो : के को कार्यक्रम हो यो :

मैले सोधेँ : भाइ तिमीलाई भारतले ५० विगाहा छपकैयाको जमिन मिचेको थाहा छैन ?

अहँ : थाहा छैन ।

तिमी वीरगंजकै मान्छे । वीरगंज छेउको जमिन लुटिँदा तिमी थाहा छैन भन्छौ, यस्तो पनि हुन्छ ?

के गर्ने त कसैले कुरै गर्दैन ।

लौ हेर्नोस् त वीरगंज वासीको चाला ?

यिनीहरूको भित्री आशय पनि होलाः भारतले नेपाल मिचेर के फरक पर्छ र ?

५:३० बजेतिर हाम्रो बस फिर्ता भयो । आजको यो सीमा अवलोकनले मन एकदम व्यथित बनायो । सन् १९७५ मा भारतले २५ वर्ष लगाएर सिक्किम निल्यो । सिक्किममा आफ्ना नगरिकहरू बसाएर सांसदहरूलाई किनेर बहुमत बनाएपछि सिक्किमलाई एक रातमा निलेको थियो । सिक्किमका राष्ट्रवादी सेना थुप्रैलाई गोलीले भुटेर दरबार कब्जा गरेको थियो । मेरो मन चिसो भयो । कतै हाम्रो २०७५ सालमा हाम्रो प्रतिनिधि सभाका सबै सदस्यहरूलाई किनेर त्यही सिक्किमकै इतिहास त दोहोरिँदैन ? आशा गरौँ सबै नेता त्यस्तै दलाल हुने छैनन् । अधिकांशको मन मुटुमा नेपाली रगत बगेकै होला । नेपाल आमाले धेरै नभए पनि केही न केही त मातृभूमिप्रेमी सन्तान जन्माएकै होलिन् !

समृद्धि...

सरकार भन्दै अझ दुई तिहाई बनाएर संविधान संशोधन गर्ने भनेर एमाले प्रति नकारात्मक रहेका संघीय समाजवादी फोरम र राजपालाई सरकारमा सामेल हुन प्रलोभन दिइरहेको छ सम्भवतः फोरम त्यसको लागि तयार पनि छ । के यो शर्त वास्तवमै पुरा हुने हो त ? यो भ्रम पछिको भ्रम हो । भ्रमको गोटी चाल्नमा अहिलेसम्म के.पी. ओलीलाई बढी होसियार मानिन्थ्यो, अब त त्यस्तो कलामा जादुगर पनि रहेको बुझिन्छ । जादुगरी एउटा भ्रम विद्या हो । राजनीतिमा अवसरवाद भ्रम हो । जादु गर्नेको एउटा मन्त्र हुन्छ पहिलो आफुलाई सम्मोहित बनाउनु अनि दर्शकलाई सम्मोहित गर्नु । यो यस्तै जादुगर हुन । कुर्सी प्रतिको सम्मोहन यति ब्यग्र छ कि कुर्सी बाहेक यिनलाई केही याद छैन । चुनाव सकियो, अब चुनावी नारा पनि बिर्से । हुन त निःशुल्क भोट हाल्ने मतदातालाई त्यस्तो नाराको सम्झना छ होला तर सशुल्क भोट उपलब्ध गराउने चतुर मतदाताहरू त्यस्तो नाराको भ्रममा नपरी आफ्नो अंशमा पर्ने विकासको मूल्य नगद मै असुल गरिसकेका छन् । अवको समृद्धि र समाजवाद त चुनाव जित्ने कै सिंगो हो । अर्को चुनावमा पुनः समृद्धि र समाजवादको कुरा गर्न गोजीमा गाँठ त हुनै पर्ने होला नि । यसपालिको चुनावमा महिलाहरूको लागि यथेष्ट स्थानको व्यवस्था हुने आशयको बाचा हालै सम्पन्न ८ मार्चको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा मै सरकारको कुर्सीमा आसन ग्रहण गर्नेहरूले दिएका छन् । श्रमिक महिलाहरू यस भ्रममा नपर्दा नै बेस हुन्छ । सम्भ्रान्त महिलाहरूको निम्ति एउटा खुराक बन्ला तर सबै विद्या भण्डारी जस्तै सौभाग्यशाली त कहाँ हुने हो । जे होस भोक नमेटिए पनि तलतल मेटिएला । संविधान संशोधन गरेर मधेसी, आदिवासी जनजाति, थारु, दलित, महिला, मुस्लिम आदिसँग विगतमा भएका सम्झौताहरू पुरा गरिनेछ भनेर ओलीजीले सङ्गलो मनले फोरम र राजपाका नेताहरूलाई फकाइरहनु भएको छ । त्यस्तै हुन्छ कि हुँदैन त भन्न सकिँदैन हाललाई यति नै भन्न सकिन्छ नेपाली राजनीतिको जादुगरीको प्रभाव क्षेत्रमा विस्तार हुँदैछ । राजनीतिमा जादुगरीले यस्ता चटके बण्डल त कति देखाउँछ देखाउँछ, सम्मोहनको जालमा को को फँस्छ फँस्छ ।

संविधानको घोषणा भयो । के के आयो भनेर वासी अनुहारकै सरकार आयो । त्यस्तो सरकारले के गर्ला भनेको त २० वर्ष अघि आफैले फालेको स्थानीय तहको प्रतिनिधि भर्ना गऱ्यो । संविधान नै कार्यान्वयन भएन भनेर प्रादेशिक र प्रतिनिधि सभाको निर्वाचन भयो । निर्वाचनले पाँच दलको नाममा क ख ग कुन कुन श्रेणी हुन्छ राज्य चलाउने ठेक्का दियो । यी ठेकेदारले के गर्ने हुन त ? फेरी पाँच वर्ष पछि चुनाव गराउने बाचा । चुनाव गराएर के गर्ने त ? आफ्नो आफ्नो नेतृत्वमा बाँकी बचेका डन, तस्कर, भ्रष्टाचारी, अवैध धन्दाका ब्यापारीलाई संगठित गर्ने भनी गरीवी निवारण, समृद्धि, स्वशासन, सुशासन र समाजवादको निम्ति बाँकी रहेका काम पुरा गर्ने । मूल अर्थमा संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रको मोडेलको चक्र यस्तै गोलचक्रमा घुमाई रहने व्यववस्था नेपाली जनताले पाएको छ, जति राउण्ड चलाए पनि त्यही दोहोरिने छ । जनताको समस्या जहाँको त्यहीँ रहनेछ ।

यो त धोखा भयो नि भनेर आवाज आउला । आवाज त एउटा चुप लाग्यो भने अर्कोले उठाइ हाल्छ नि । त्यसको समाधान त आवाज नसुन्नु हो ।

हो, अहिले त्यस्तै सत्ता छ । त्यस्तै नेताहरू सरकारको नेतृत्व गरी रहेका छन् । देशका भावी कर्णधार र देशभक्त मुक्तिकामी युवाहरूलाई सहिद बनाउँछन् । तिनैको सपना पुरा गर्ने भनेर बाँकी रहेका युवाहरूलाई खाडी पठाएर तिनको कमाईले आएको रेमिटेन्समा रजाँइ गर्छन । देशभक्त क्रान्तिकारी अग्रगामी राजनीतिक कोर्स अहिले देश भित्र अस्तित्वको संकट भोगिरहेको छ । यो पनि साश्वत सत्य नै हो कि जबसम्म भ्रमको बादल चिरिँदैन सत्यको उज्यालो आउँदैन । आजको प्रमुख समस्या यही नै हो । सत्य र निष्ठाको राजनीति गर्नेको अघिल्तिर यो भयंकर चुनौति पहाड बनेर उभिएको छ। पाइला पाइलामा बाधा छ । क्रान्तिकारी भनिनेहरू नै अवसरवादी प्रतिक्रियावादी कित्तामा एक एक गेरर हाम्फाल्न थाले पछि सोझासीधा जनतामा पनि भ्रम उत्पन्न हुनु स्वभाविक छ । क्रान्तिकारी को ? अवसरवादी को ? प्रतिक्रियावादी को ?

जनतालाई भन्नु पर्दा यही नै भन्नु बाहेक अरु केही छैन । जनता नै सर्वोपरी हुन्छ । नेपाली जनता सर्वोच्च शक्ति हो, जनताको चाहना विपरित कुनै सत्ता टिक्दैन । अहिलेसम्म त्यही भएको छ । राणा शासनको विरुद्ध जनता उठेकै हो । जनताले पञ्चायती शासनलाई पनि स्वीकारेन, समाप्त भयो । २०४७ सालको संविधान अनुसारको बहुदलीय व्यवस्थाले पारेको भ्रमबाट जब जनता मुक्त भयो, त्यो व्यवस्था पनि टिकेन । राजतन्त्रको पाखण्डलाई जनताले नारायणहितिबाट लखेट्यो । नेपाली जनताको चाहना उसको गन्तब्य सही छ तर राजनैतिक नेताहरूको गलत मार्गले जनताले पटक पटक धोखा पाउने गरेको छ । पटक पटकको जनविद्रोहमा जनताले साथ दिँदै आएको छ । दश वर्षसम्म चलेको जनयुद्धमा नेपाली जनताको हजारौं सन्तान सहिद भए । कैयौं अपाङ घाइते र बेपत्ता पारिए । २०६२/६३ लगायतका जनआन्दोलन जनताकै शक्तिको प्रबल रूप हो । जनताले बलिदान गर्छ तर अवसरवादी नेताहरू सत्तामा पुग्छन् । त्यस्तो किन हुन्छ ? किनकि नेतृत्वमा रहेकाहरूको मनको कुनामा अवसरवाद पलाउन थाल्छ, निजी स्वार्थको अंश बढ्न थाल्छ र बैकल्पिक सत्तामा आफुलाई पुऱ्याउने सपना देख्न थाल्छ अनि शुरु हुन्छ जनतालाई आन्दोलन र क्रान्तिको लक्ष्यसम्म पुग्न नदिने ढाँट छलको खेती । यस्तै धेरै पटक दोहोरिएका छन् । जनताले थाहा पाउँञ्जेल धेरै कुरा विग्रिसकेका हुन्छन् । यस पटक पनि त्यस्तै भएको छ । भनिन्छ अहिलेको चुनाव पछि बनेको सरकारले स्थायित्व, समृद्धि र समाजवाद दिन्छ रे । साँच्चै हो त ? सरकार त स्थायी नै हुन्छ । नेतृत्व जसले गरेपनि सरकार हुन्छ । त्यो होइन भने पाँच वर्षको आयु चिरकालीन हुन्छ त ? त्यस्तो होइन । जनताको अभिष्ट शान्ति, समृद्धि र सुरक्षा नै हो । सरकार जो भए पनि । जनताको सोचमा जनताको समस्या प्रतिनिधिले बुझ्छ र त्यसले त्यसको समाधान गर्ने काम गर्छ भनेर चतुर ब्यक्तिलाई सरकारमा पठाउँछ । तर वास्तविकतामा त्यस्तो हुँदैन । जनता भनेको देशको श्रमजीवि जनता हो । श्रमजीवि जनताको शारीरिक, मानसिक श्रम र बलिदान कै फल देश विकासको गति निरन्तरमा रहन्छ । त्यसको अलावा यस्तो वर्ग पनि हुन्छ जसले श्रमजीवि जनताको योगदानलाई आफ्नो हितमा उपयोग गर्छ । उसले गर्ने काम भनेको अर्कोको कामको शोषण र त्यसको निम्ति सदैब शासन सत्तालाई कब्जामा राख्ने । त्यस्ताको संख्या थोरै हुन्छ । त्यो आफूलाई जनता भनेपनि जनताको शासक हो । जनताले भ्रमवस तिनलाई आफ्नो प्रतिनिधि ठान्दछ । यो पुँजीवादी प्रजातन्त्र भनिने सबै समाजमा हुने गर्छ । नेपाली जनता पनि यही भ्रमको शिकार छ । नेपाली जनताले अर्थात यहाँका मजदुर किसान उत्पीडित जाति लिंग र क्षेत्रका जनताले बुझ्नु आवश्यक के छ कि हिजोका आन्दोलनहरूका नेताहरू, जनयुद्ध सञ्चालनमा केही नेताले आफ्ना मार्ग बदलेका छन् । नेपाली जनताको शत्रु दलाल पुँजीपति वर्ग, कर्मचारी तन्त्र र सामन्त वर्ग हो । अहिलेको शासन गर्ने तिनै वर्ग रहेको छ । त्यस कुर्सीमा जो छ त्यो त्यही वर्गको प्रतिनिधि हो तर नेपाली जनताको होइन । त्यसैले नेपाली जनताले गर्ने विद्रोह भनेको त्यस वर्गबाट सत्ता खोस्नको लागि हो । त्यस वर्गलाई कुर्सीमा राखेर सुरक्षा दिइरहँदासम्म नेपाली जनताले बेला बेलामा सुधारको आश्वासन त पाउला, थोरै विकासको काम पनि हुन सक्ला तर यहाँ सदियौंदेखि शोषण, उत्पीडन, विभेदमा परेका जनताको मुक्ति संभव छैन । यहाँ राष्ट्रिय स्वाधीनताको परिस्थिति झन पछि झन जटिल बन्दैछ । त्यसैकारणले नेपाली जनतालाई मुक्ति चाहिएको छ र त्यसको निम्ति संघर्ष बाहेक अर्को बाटो छैन ।

देशभक्त...

८६. उद्योग, वाणिज्यको क्षेत्रमा नागरिक लगानीलाई प्रोत्साहन गरियोस् ।

८७. देशमा भएको अव्यवस्थित पूर्वाधार विकास कार्यक्रमका कारणले वातावरणमा खलल पुगी अत्यधिक प्रदूषण बढ्न गएकाले त्यसको नियन्त्रण गरी रोकथाम गर्न दीर्घकालिन योजना तय गरी लागु गरियोस् ।

८८. राष्ट्रिय निकुन्ज, सिकार आरक्ष, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्र जस्ता प्राकृतिक स्रोत साधनहरूमा स्थानीय जनता र समुदायको हितको संरक्षण गर्ने नीति कार्यान्वयन गरियोस् ।

८९. अहिले भइरहेको अव्यवस्थित सहरीकरणलाई रोकथाम गरी नेपाली जनतालाई आधुनिक र दीर्घकालीन ढङ्गले सहज जीवन यापनको व्यवस्था गर्नका लागि एकीकृत बस्ती विकासको योजना तय गरी कार्यान्वयन गरियोस् ।

९०. वर्तमान अवस्थामा खेतीयोग्य र कृषि उत्पादन हुने स्थानमा जथाभावी घरघडेरी ९एयिततष्लन० बनाउने र बस्ती निर्माण गर्ने कार्यलाई रोक लगाइयोस् ।

९१. देशमा सबै क्षेत्र र स्थानलाई जोड्नका लागि योजनाबद्ध ढङ्गले सडक तथा यातायात र संचार संजालको ठोस योजना बनाई कार्यान्वयन गरियोस् ।

९२. जनयुद्धकालिन मुद्धाहरूलाई “सत्य निरूपण तथा मेलमिलाप आयोग” बाट समाधान गर्ने सहमतिलाई ढृढतापुर्वक कार्यान्वयन गरियोस् । यसै सन्दर्भमा क.बालकृष्ण ढुङ्गेल लगायतका व्यक्तिहरू माथि चलाइएका मुद्धा फिर्ता लिई वहाँहरूलाई थुनामुक्त गरियोस् ।

९३. न्यायालयमा हुने ढिलासुस्ती, घुसखोरी, भ्रष्टाचार, विचौलियाको प्रवेश र माफियाकरण जस्ता विकृति र विसङ्गतिको अन्त्य गरी जनताको न्यायमा छिटो, छरिटो, निष्पक्ष र सर्वसुलभ न्यायिक पहुँचको व्यवस्था गरियोस् ।

९४. विज्ञान र प्रविधिको विकास एवम् प्रवर्द्धनमा विशेष जोड दिइयोस् ।

क्रान्ति...

यदि यसपल्ट इतिहासले ‘गर्भपात’ हुन दिएन भने यदि हामीसँग आरभबाज्देनिएवाला नवइस्क्रावादी अर्थमा नभएर वास्तविक अर्थमा क्रान्तिलाई अन्त्यसम्म पुऱ्याउने शक्ति रहन्छ भने त्यसबेला यस क्रान्तिले त्यस्तो रूप लिने छ जसमा किसान तथा सर्वहारा तत्वहरूको प्रधानता रहनेछ ।

हुन सक्छ, केही व्यक्तिहरूले यस प्रकारको प्रधानताको विचार स्वीकार गर्नुको अर्थ भावी क्रान्तिको बुर्जुवा चरित्र अस्वीकार गर्नु हो भन्ने ठान्ने छन् ? ‘इस्क्रा’मा यस अवधारणाको जुन किसिमले दुरूपयोग गरिएको छ, त्यसबाट यो कुरा एकदम सम्भव देखिन्छ । तसर्थ, यस प्रश्नमाथि विचार गर्नु कुनै पनि हालतमा अप्रसांगिक ठहरिने छैन ।

(संविधानसभा, अस्थायी सरकार र गणतन्त्रबारे पुस्तकबाट)

माग पूरा...

संयुक्त जनमोर्चाको तर्फबाट बाबुराम भट्टराईको नेतृत्वमा २२ माघ २०५२ सालमा तत्कालीन प्रम शेरबहादुर देउवालाई बुझाएको ४० बुँदे मागसँग दाँजेर हेरिएको छ ।

त्यतिबेला ती माग पुरा गर्न देउवा गम्भीर बनेनन् र २०५२ फागुन १ गते नेकपा (माओवादी)लाई जनयुद्ध घोषणा गर्न बाध्य पारियो ।

अहिले राष्ट्रियता, जनतन्त्र र जनजीवीका समस्याहरू विकराल अवस्थामा रहेका छन् । मोर्चाले ज्ञापनपत्रको भूमिकामा उल्लेख गरेको छ, “नेपालको राजनीतिक इतिहासमा नेपाली जनताले ठुला-ठुला बलिदान गरेका छन् । त्यसको परिणाम स्वरूप राणा शासनको अन्त्य, निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य, संवैधानिक राजतन्त्रको अन्त्य हुँदै अहिलेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा मात्रात्मक रूपले केही परिवर्तनहरू भएका छन् । तर राष्ट्र र जनताको पक्षमा नेपाली समाजको आमूल परिवर्तन भने हुन सकेन । त्यसो हुनुको अर्को कारण विभिन्न राजनीतिक परिवर्तन पश्चात् बनेका सरकार र ती सरकारको नेतृत्व गर्ने पार्टी र तिनका नेताहरू नै अग्रगामी परिवर्तनका दिशामा अघि बढ्न सकेनन् । यसबाट राष्ट्रघात, जनघात, भ्रष्टाचार एवं नातावाद र कृपावाद जस्ता देश र जनविरोधी क्रियाकलापहरूले नै निरन्तरता पाउँदै गए । परिणाम स्वरूप देश अझै पनि अल्पविकसित र पछौटे अवस्थाबाट गुज्रिरहेको छ भने आम जनसमुदायले शोषण, दमन र उत्पीडनको मार खेप्नु परिरहेको छ । आज देशमा विचौलिया, माफिया, दलाल, तस्कर र भ्रष्टाचारीहरूको जगजगी छ । राजनीतिक अपराधीकरण र अपराधको राजनीतिकरण गर्ने कार्य अन्योन्याश्रित हुन पुगेका छन् ।”

अहिले राज्यका सबै अंगहरू (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) एवं संयन्त्रहरू (संवैधानिक निकाय, कर्मचारीतन्त्र र सुरक्षा निकाय) मा भ्रष्टाचार मौलाइरहेको छ । जसका कारण नेपाल विश्वका अति भ्रष्ट मुलुकहरू मध्येमा दर्ज हुन पुगेको छ । देशको समग्र राजश्वको संकलनबाट राज्य सञ्चालनका लागि आवश्यक पर्ने साधारण खर्च समेत धान्न नसक्ने अवस्था छ । विकासतर्फ भन्दा साधारण (तलब, भत्ता) मा बढी प्रतिशत खर्च भइरहेको छ भने विकास आयोजना सञ्चालनका लागि वैदेशिक ऋण र अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ ।

भूकम्पले विध्वंस मच्चाएको ३ वर्ष बितिसक्दा पनि प्रभावित जनसमुदायले आफ्नो बस्ने बास समेत निर्माण गर्न नसकेको अवस्था छ भने विश्वसम्पदामा सूचिकृत भएका सांस्कृतिक सम्पदा र धरोहरहरूको पुर्ननिर्माणको कार्य लावारिस अवस्थामा रहेको छ । शिक्षा र स्वास्थ्य जस्ता जनसरोकारका क्षेत्रमा माफियाकरण, भ्रष्टाचार र व्यापारीकरण भएको छ ।

यस्तो पृष्ठभूमिमा ओली सरकारले भनेजस्तो समृद्धि र स्थायित्व केवल नारामा सीमित हुनेछ । र फेरि नयाँ शिराबाट विद्रोह वा क्रान्ति अपरिहार्य बनेर जाने निश्चित छ । त्यसबेला देजमो र नेकपा (क्रान्तिकारी माओवादी)ले नै क्रान्तिको नेतृत्व गर्नुपर्ने परिस्थिति तयार हुँदै जाने निश्चित छ ।

सहिद...

दिन महान दशवर्षे जनयुद्धको क्रममा जिल्लामा एउटै घरबाट सहिद भएका कविराज शर्मा कमल, नारायण शर्मा, सिता शर्मा सफलता, लक्ष्मि अधिकारी (छोरी ज्वाँई) र ऋषि गौतम “रहुँला“ (छोरि ज्वाई) हरूका परिवारजन (पवित्रादेवि शर्मा)लाई सम्मान पत्र प्रदान गरी सम्मान गरिएको छ । त्यसैगरी सहिदहरू छविलाल शाहि ’रणजित’, कृष्ण हमाल, उदयराम रेग्मि ’उत्तम’ र सशिराम शर्मा समेतका परिवारजनलाई पनि सम्मान गरिएको छ । पार्टी के.स. तथा दैलेख इन्चार्ज दीपक शाहीले दिएको जानकारी अनुसार जिल्लाको राकम, ठाँटीकाँड, डाडीमाडी, दुल्लु, गौंडाबाज, चामुण्डा, दैलेख बजार, नौमुलेलगायतका ठाउँमा १ सय २५ सहिद परिवारलाई सम्मानपत्र प्रदान गरिएको छ ।

त्यस्तै सुर्खेत गुर्भाकोट नगरपालिकामा सहिदहरूलाई एक कार्यक्रमका बीच सम्मान गरिएको छ । कार्यक्रममा जिल्लाका सहिद परिवारहरूलाई सामुहिक रूपमा सम्मान पत्र प्रदान गरिएको थियो । पार्टी केस तथा ६ नं. प्रदेशका काव सचिव चक्रपाणी शर्माको प्रमुख उपस्थितिमा भएको उक्त कार्यक्रममा सुर्खेत जिल्ला सचिव खडानन्द लामिछानेलगायतका नेताहरूको उपस्थिति रहेको थियो । त्यसैगरी जिल्लाको विरेन्द्रनगर नपामा पनि एक कार्यक्रमका बीच सहिद परिवारलाई सम्मान गरिएको छ । जनयुद्धका जिल्लाका प्रथम सहिद गणेश शर्मा न्यौपाने लगायतका सहिद परिवारलाई सम्मान गरिएको थियो ।

त्यसैगरी ७ वटै प्रदेशका अन्य जिल्लाहरूमा पनि सहिद तथा वेपत्ता योद्धा परिवारहरूलाई सम्मान पत्र वितरण गरिएको छ । क्रान्तिकारी माओवादी पार्टी कार्यालय स्रोतका अनुसार देशैभर गरेर करिब दुई हजार सहिद तथा वेपत्ता योद्धा परिवारलाई सम्मान गरिएको छ ।



फागुन २२ देखि फागुन २८ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



प्रचण्डमार्फत् कौडीमा सिद्धान्तको व्यापार !

फागुन २२ गते । संघीयता सुरु भएपछिको संसदीय व्यवस्थाको सदन आजबाट सुरु भएको छ । यो संसद यसकारणले पनि महत्वपूर्ण छ जहाँ दशवर्षसम्म संसदीय व्यवस्थाकै विरुद्ध युद्ध लडेका महामहिमहरूको पनि प्रवेश रहेको छ । यो संसदले आफ्नो गरिमा राख्न सकेन भने पक्कै पनि नेपालमा संसदीय व्यवस्था टिक्दैन भन्ने कुरा पुष्टि हुन्छ । संसारकै गएगुज्रेको प्रवृत्तिलाई बोकेर लागू गरिएको यो व्यवस्थाले नेपालबाट हारेर हिंड्नुपर्ने हुन्छ, जसलाई स्वीकार गर्न देशले निकै महँगो मूल्य चुकाउनु पर्नेहुन्छ ।

फागुन २३ गते । यो देशमा बिचौलियाहरूको निकै बोलवाला छ । तरकारी बजारदेखि राजनीतिक बजारसम्म । विदेशी सामान आयातदेखि निर्यातसम्म बिचौलियाको बोलवाला भएको देशमा बिचौलियाकै भरणपोषण गर्ने राजनीतिक पार्टीको सरकार बनेको छ । यो बिचौलिया प्रकृयाले नेपाली उपभोक्तहरू निकै मारमा परेका छन् । विदेशी सामान आयात गर्ने नेपाल प्रवेशको नाका कोलकातामा पनि बिचौलियाको बोलवाला रहेको समाचार आएको छ । यसलाई चिर्न यो सरकारले सक्छ कि सक्तैन । सक्यो भने त राम्रै होला, होइन भने जनतामा निरासा वाहेक अरु के नै रहला ?

फागुन २४ गते । प्रचीनयुगका ऋषि बाल्मिकी राजनीतिक दर्शनका आदिकवि थिए । उनले रामायण महाकाव्यको रचना गरी राजनीतिक दर्शनको प्रादुर्भाव गरेको पाइन्छ । ऋषि बन्नुभन्दा पहिले बाल्मिकी डाका थिए । उनको नाम रत्नाकर थियो । यो प्रसंग यहाँ किन जोडिएको हो भने अहिलेका नेता पुष्पकमल दाहाल आफूलाई बेलाबेलामा बाल्मिकीसँग दाँज्ने गर्छन् । उनी डाका त थिएनन् तर राजनीतिक हत्या श्रृंखलाका अभियन्ता त पक्कै थिए । उनको नेतृत्वमा भएको १० वर्षे जनयुद्धले सफलता पाएर उनी सत्तामा पुगेका भए उनी महात्मा बाल्मिकीभन्दा पनि माथिल्लो स्थानमा हुन्थे तर उनको हस्तरेखामा ती कुरा लेखिएको रहेनछ र हतारमा समुद्र मन्थन गर्न गएका छन् । हेरौं अरु कहाँसम्म जान्छन् ।

फागुन २५ गते । अघिल्लो वर्ष १२ खर्बभन्दा माथिको वार्षिक बजेट आएकोमा यो वर्ष दश खर्बको हाराहारीमा मात्रै बजेट सम्प्रेषण गर्ने भन्ने अर्थ मन्त्रालयको सूत्र बताउँछ । व्यवहारमा हेर्ने हो भने गतवर्षभन्दा कैयौं गुणा बढी खर्चका प्वालहरू देखिएका छन् तर बजेट भने सानो आकारको आउँदा इतिहासमै ब्रेक लाग्ने देखिन्छ । यसरी अर्थतन्त्रलाई नियन्त्रण गर्न अर्थमन्त्री सफल भए भने महान् नै हुन्छन्, होइन, सस्तो लोकप्रियताका लागि मात्रै हो भने ‘कौवालाई बेल पाकेर हर्ष न विस्मत ।’

फागुन २६ गते । इलामका इन्द्रप्रसाद ढकालसँग ३५ रोपनी जमिन रहेछ तर उनीमाथि आफन्तले मुद्दा हालेछन् र उनी मुद्दा लड्दालड्दै अहिले चना र चट्पटे बेचेर जीवन गुजारा गरिरहेका रहेछन् । यो मुद्दामामिला पनि कस्तो ? न्यायालयमा न्याय खोज्न जाने जो कोही पनि जोगी नै हुन्छन् । यदि अदालतमा आफ्नो मानिस छैन भने उसले सर्वश्व गुमाउनुपर्ने हुन्छ । यस्तो भन्दा त न्याय पाइन सरकार भन्दै सिंहदरबारको अगाडि पट्टी पोखरीमा राणाहरूलाई हारगुहार गर्ने व्यवस्था पो राम्रो हो कि ?

फागुन २७ गते । नेपाली कांग्रेस भन्ने पार्टी पनि गज्जबकै छ । एक महिना अगाडि मात्रै पार्टीले हार्नाको मुख्यकारण शेरबहादुर देउवा नै हुन भन्ने सांसदहरूले पनि भोट दिएर पुनः संसदीय दलको नेता उनैलाई वनाएका छन् । संसदीय दलको नेता बनाउनु भनेको परिआए फेरि उनैलाई प्रधानमन्त्री चुन्नुसरह हो । के गर्ने ? अगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा पनि वरिपरि घुमिरहन्छ रे ।

फागुन २८ गते । कस्ता खुँखार प्रचण्ड ! पार्टीमा छउञ्जेल छाया पनि देख्न नसक्ने, पार्टी त्यागेर हिंडेपछि फेरि फर्केर आउन आग्रह गर्ने । आग्रह मात्रै होइन, २५ वर्षसम्म झेलेकै हो भनी आन्द्राभुँडी नै खस्कने गरी झिर रोपेर निकालिदिने । गत हप्ता त्यसै गरे डाक्टर बाबुरामलाई । अरु केही नभए पनि युद्धमा साथ दिएको गुणलाई त प्रचण्डले बिर्सनु नहुने हो नि ! बाबुरामको यत्रो लगानीलाई कौडीको भाउमा किनेर सिद्धान्तको व्यापार गर्न अलिकति भए पनि सरम लाग्नुपर्ने होइन र भन्या !

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-[illegible]
[illegible] सम्पर्क : [illegible] (९८[illegible])
फोन नं. : ०५६-[illegible]
बुकिङ, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, वीरगंज, चपुर, निजगढ, [illegible]
फोन नं. : ०१-५१८०२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिजर्भ [illegible] सम्पर्क
सानोभाई थापा - ९८४४५२३६१
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३१२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४१७०६९६७
९८४४४०३५१
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७५५
९८४४५२३८५
९८१२०५५६१८
९८६०१०२७३७
९८४४००८४००

आलोपालो

जीतगढी किल्लामा राष्ट्रघातको पराकाष्ठा

● **प्रेम सुवेदी**

ऐतिहासिक जितगढी किल्ला अन्तरगत बुटवल उप-महानगरपालिका फुलवारी क्षेत्रको करिब ३ विगाह जमिन प्रचण्ड नेतृत्वको सरकारले भारतीय पेन्सन क्याम्पको स्वामित्वमा हस्तान्तरण गरिसकेको छ । तात्कालिक सरकारको २०७४ फाल्गुण १७ गते बसेको मन्त्रीपरिषद्को निर्णयद्वारा उक्त भू-भाग भारतीय क्याम्पलाई हस्तान्तरण गरिएको थियो । २०७४ भाद्र महिनामा भारतीय राजदुत मन्जित सिंह पुरीले स्थायी पेन्सन अफिस निर्माणका लागि उक्त स्थलमा आई भवनको शिलन्यास समेत गरिसकेका छन् । प्रचण्ड सरकारले गरेको उक्त निर्णयका विरुद्धमा देशभक्त पक्षधर राजनैतिक पार्टी तथा विभिन्न संघ/संस्था र नागरिक समाजले विरोध गर्दै सो निर्णयको खारेजीको माग गर्दै आएका छन् । तर, अहिलेसम्म सरकारले उक्त निर्णय फिर्ता नलिएकोले भारतीय पक्षद्वारा एकपछि अर्को रूपमा त्यो क्षेत्रमा आफ्ना गतिविधि बढाउदै आएको छ । ऐतिहासिक जितगढी किल्लाभित्र आफ्नो प्रभाव बढाउदै लगेको पृष्ठभूमिमा पाँचवटा राजनैतिक दलहरू नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी), राष्ट्रिय जनमोर्चा, नेपाल कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पाटी (मार्क्सवादी) र वाम ध्रुवीकरण संयोजन समितिले सशसक्त आन्दोलन गर्ने उद्घोष गर्दै 'ऐतिहासिक जितगढी किल्ला बचाँउ अभियान' भन्ने नारासहित आन्दोलनका विभिन्न कार्यक्रम गर्दै आएका छन् ।

आन्दोलनलाई प्रभावकारी बनाउन तथा जितगढी क्षेत्रको हस्तान्तरण गरिएको भू-भागलाई फिर्ता गराउनका लागि विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । त्यस क्रममा त्यस क्षेत्रको अवलोकन वृहद अन्तरक्रिया तथा निर्णय भएको एक वर्षको दिन फागुन १७ गते उक्त मन्त्रीपरिषद्को निर्णयलाई जलाउनुका सथै कोणसभा पर्चा वितरण लगायतका कार्यहरू सम्पन्न भएका छन् । राजनैतिक पार्टीका यी चरणवद्ध कार्यक्रमका अतिरिक्त नागरिक अभियान, विभिन्न संघ/संस्थाले त्यो विषयमा गर्दै आएका गतिविधिले क्रमश आन्दोलनको वातावरण निर्माण हुँदै गएको छ । यी वेग्ला वेग्लै अभियानलाई एकीकृत पार्दै यो आन्दोलनलाई राष्ट्रिय रूपमा विकास गर्नुपर्ने आवश्यकता छ । यस प्रकारको आन्दोलनले जितगढी क्षेत्रमा भएको राष्ट्रघाती कदमलाई सच्च्याउन तथा अन्य असमान सन्धि सम्झौताको खारेजीको लागि समेत वातावरण निर्माण गर्न सक्दछ । विरताको इतिहास बोकेको ऐतिहासिक पुरातात्तिक पर्यटकीय तथा राष्ट्रिय महत्व बोकेको जितगढीको धरोहर कर्णेल उजिरसिंह थापाको नेतृत्वमा बृटिस साम्राज्यवादलाई परास्त गरी गौरवको गाथा कायम गरिएको उक्त भू-भागलाई भारतीय सेनाको हातमा सुम्पन्ने कार्य निन्दनीय मात्र छैन, यो राष्ट्रघातको पराकाष्ठा नै हो । तसर्थ, जितगढी किल्लाको बचाँउ गर्न र राष्ट्रघातका विरुद्ध संघर्षलाई प्रभावकारी बनाउन सम्पूर्ण देशभक्त नेपालीहरू एकजुट हुनु पर्ने परिस्थिति निर्माण हुँदै गएको छ ।

ऐतिहासिक, पुरातात्विक, पर्यटकीय र सामारिक दृष्टिकोणले महत्व बोकेको जितगढी किल्ला जो आफैमा गौरवको गाथा हो त्यसलाई हस्तान्तरण गर्ने जस्तो जघन्य राष्ट्रघात अरु के हुन सक्दछ ? देशभक्त नेपालीहरू यस प्रकारका अपराधजन्य कार्यको टुलटुल हेरेर बस्ने वा त्यसका विरुद्धमा संघर्ष गर्ने भन्ने प्रश्न आज सबै नेपालीको बीचमा खडा भएको छ । निश्चय नै देशभक्त नेपालीहरू यस प्रकारको राष्ट्रघातलाई सहेर बस्दैनन् र बस्नु हुँदैन । जहाँसम्म शासकहरूको कुरा छ उनीहरूका लागि राष्ट्रियता भन्दा महत्वपूर्ण विषय सत्तालिप्सा हुँदै आएको छ । जसरी जङ्ग बहादुरले आफ्नो सत्ता टिकाउनका लागि अग्रेजसँग संझौता गर्दै आए त्यो प्रकृया नेपालका शासकहरूमा अपवादलाई छोडेर निरन्तर प्रकृया जस्तै बन्दै आएको छ । शासकहरूद्धारा हुने राष्ट्रघातका विरुद्ध तथा राष्ट्रिय स्वधिनताको पक्षमा संघर्ष गर्दै आएका वीरहरू अमर सिंह थापा कर्णेल उजीर सिंह थापा लगायतका योद्धाहरूको गौरवपूर्ण इतिहासले नै हाम्रो स्वभिमान उच्च रहेको इतिहास छ । तसर्थ, अहिले पनि हाम्रा अगाडि दुईवटा बाटा छन् । अमर सिंह थापा, भीमसेन थापा र कर्णेल उजिर सिंह जस्ता वीरहरूको वाटो समात्ने वा जङ्ग बहादुरले जस्तो साम्राज्यवादसँग आत्मसर्मपण गर्ने । निश्चय नै स्वभिमानी नेपालीहरूले आत्मसमर्पणको बाटोलाई होईन, वीरताको वाटोलाई पछ्याउने छन् र त्यहि वीरताले नै नेपाल र नेपालीको स्वाभिमानलाई बचाउदै आएको छ ।

जितगढीको ऐतिहासिक महत्वलाई नजरअन्दाज गरेर जसरी प्रचण्डले भारतीय शाषकहरूलाई यो भू-भाग हस्तान्तरण गर्ने सहमति गरे, त्यसले पुऱ्याउने क्षति र प्रभावप्रति अझै पनि जनस्तरमा चेतना पुगेको छैन । त्यसैले यो विषयलाई जनस्तरमा पुऱ्याउन र देशको स्वाभिमान र स्वाधीनताको रक्षा गर्ने अभियान बुटवलको मात्र नभएर समग्र देशको राष्ट्रिय स्वधीनतासँग जोडिएको विषय हो । विडम्बना देशका "शक्तिशाली पार्टीहरू" राष्ट्रियताको यति महत्वपूर्ण विषयलाई उपेक्षा गरेर आफ्ना सत्तास्वार्थ पुरा गर्न भारतीय शाषकहरूसँग बारम्बार राष्ट्रघाती सम्झौता गर्नु नै आफ्नो गौरव ठानिरहेका छन् ।

वर्तमान केपी ओलीको सरकारले आफूलाई राष्ट्रवादी बताउदै आएको पृष्ठभूमिमा देशको सार्वभौम सत्तामाथि आँच पुऱ्याउने जीतगढी किल्ला लगायतका सबै असमान तथा अपमानपूर्वक गरिएका सम्झौताहरूको खारेजी गरियोस् भन्ने नेपाली जनताको मागलाई कति पुरा गर्ने छन् ? त्यो हेर्न धेरै दिन कुर्नु पर्ने छैन । विगतमा भएका कैयौ असमान सन्धि संझौतामा उनको समेत संलग्नता रहेकोले उनीद्वारा सबै राष्ट्रघाती सन्धिसम्झौता खारेज गर्ने र नेपालको स्वाभिमान र प्रतिष्ठालाई उच्च राख्ने कुरामा विश्वास गर्ने भरपर्दो आधार देखिदैन । हामी आशा गरौं, उनले यी सबै असमान सन्धिसम्झौताको खारेज गरुन र राष्ट्रिय स्वाधीनतालाई उच्च राखून् । त्यो कुरा केही समयमा नै उनले गर्ने कार्यले प्रष्ट गर्नेछ ।

जीतगढी बचाउ अभियानले केही दिन पहिले जिल्ला प्रशासन कार्यालय र स्थानीय निकाय मार्फत् प्रधानमन्त्रीको कार्यालयमा बुझाएको ज्ञापन-पत्रमा प्रचण्ड सरकारले गरेको निर्णयलाई खारेज गर्न जुन माग राखेको छ, त्यो मागलाई अविलम्ब पुरा गरियोस् भन्ने नै छ । वर्तमान केपी ओलीको नेतृत्वको सरकारले उक्त निर्णयलाई खारेज गरेर राष्ट्रघातको श्रृङ्खलालाई रोक्ने पहलकदमी गरोस् भन्ने नै छ । जीतगढी लगायत सबै राष्ट्रघाती निर्णयलाई सच्चाउने दुईवटा मात्र बाटो छन् ती हुन्, पहिलो सरकारद्वारा सबै त्यस प्रकारका निर्णयलाई फिर्ता लिने र दोस्रो, जनताको संघर्षद्वारा ती सबै निर्णयलाई खारेज गर्ने । हाम्रो लागि सबैभन्दा सहज बाटो सरकारले सबै राष्ट्रघाती सन्धिसम्झौतालाई आफ्नो तर्फबाट फिर्ता लिदा हुन्थ्यो । तर, त्यो कुरा वर्तमान सरकारद्वारा पुरा हुने विश्वासयोग्य आधार नभएकोले जनताको संघर्षद्वारा नै सबै असमान सन्धि संझौताको खारेजीको लागि संघर्ष गर्नुको विकल्प छैन ।

जीतगढी किल्लाको बचाउ अभियानलाई सामान्य प्रकारको दवाव तथा बहसले मात्र खारेज गर्न नसक्ने भएकोले यो अभियानलाई सार्थक र परिणाममुखी बनाउन अब संघर्षलाई अरु उच्चरूपमा विकास गर्न आवश्यक छ । त्यसले जीतगढी किल्लाको बचाउनका लागि आ-आफ्ना ठाँउबाट आवाज उठाउँदै आएका विभिन्न राजनैतिक पार्टी, नागरिक अभियान, विभिन्न संघ/संस्था तथा सरोकार पक्षहरू एकताबद्ध भएर नै संघर्षलाई प्रभावकारी बनाउन तथा उक्त निर्णयलाई खारेज गराउन सकिनेछ । *premsubedi302@gmail.com*

दलाल...

अगाडि बढ्ने लक्ष्यलाई केन्द्रमा राखेर सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरण समयको माग र परिस्थितिको वाध्यता भएको पनि उहाँले बताउनु भयो ।

लेखक, प्राध्यापक तथा मार्क्सवादी अर्थशास्त्रका ज्ञाता रमेश शर्माले अहिले पनि सामन्ती भूस्वामित्व कायम रहेपनि नेपालमा सामन्तवाद कमजोर अवस्थामा रहेको र नवऔपनिवेशिक चरित्र हावी हुँदै गएको बताउनु भयो । उहाँले चीन र पूर्वी वंगालमा गरिएको वर्गविश्लेषणको चर्चा गर्दै क्रान्तिका लागि वर्गविश्लेषण आवश्यक रहेको कुरामाथि जोड दिनुभयो । नेपालमा निम्न पुँजीपति वर्गको हिस्सा निकै ठूलो रहेको भन्दै त्यो वर्गका लागि क्रान्ति निर्विकल्प बन्दै गएको दावी गर्नुभयो । माके र एमालेले भनेजस्तो नेपालमा जनवादी क्रान्ति पूरा नभएको तथ्यहरू प्रस्तुत गर्दै शर्माले संशोधनवादीहरू संशोधनवादीहरूबीचको एकता र ध्रुवीकरणले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई पनि एकता र ध्रुवीकरणका लागि मार्ग प्रशस्त गरेको र दबाब पनि सिर्जना गरेको भन्दै क्रान्तिको शर्तलाई केन्द्रविन्दुमा राखेर कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध हुन तथा ध्रुवीकृत हुन ढिलाइ गर्न नहुने विचार व्यक्त गर्नुभयो ।

प्राध्यापक मधुसुदन सुवेदीले वर्तमान ओली नेतृत्वको सरकारले देउवा सरकार अर्थात् विगतका सरकारहरूले भन्दा खासै राम्रो काम गर्न नसक्ने भन्दै आधारभूत रूपमा राज्य संरचना उही रहेको अवस्थामा जुनसुकै व्यक्तिले सरकारको नेतृत्व गरेपनि तात्विक अन्तर नपर्ने विचार व्यक्त गर्नुभयो । आजको राजनीतिक नेतृत्व आलोचना सुन्नै नसक्ने अवस्थामा रहेको चर्चा गर्दै क्रान्ति र परिवर्तनलाई केन्द्रमा राखेर भन्दा पनि आफ्नो निजी स्वार्थलाई केन्द्रमा राखेर सत्ता र शक्तिको चाकडी र चाप्लुसीमा लागेका कारण देश विगार्नेमा बुद्धिजीवीहरूको पनि महत्वपूर्ण हात रहेको दावी गर्नुभयो । उहाँले आगामी दिनमा आशाभन्दा निराशा हावी हुने तर्फ इङ्गित गर्दै शासनसत्ता ठिक ढंगले चल्न नसके देश टुक्रिन सक्ने पनि तर्क गर्नुभयो ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, नेकपा (क्रान्तिकारी माओवादी)का केस गोविन्द पौडेल, कवि तथा साहित्यकारहरू इस्लामी, डा.विदुर वस्ती, प्रभात सापकोटा, रामचन्द्र हुमागाई, गौरी दाहाल लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

सहिद...

चन्द नेतृत्वको अनेमसंघ क्रान्तिकारीको केन्द्रीय समितिको आयोजनामा २४ फागुनमा काठमाडौंको शान्तिवाटिकामा ऱ्याली र कोणसभाको आयोजना गरियो । व्यानर, झण्डा, विभिन्न नारा लेखिएका प्लेकार्ड र नारासहितको ऱ्याली सहिदगेट, सुन्धरा, न्यूरोडगेट, वीरअस्पताल हुँदै शान्तिबाटिकामा पुगेर कोणसभामा परिणत भएको थियो । सभालाई नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य सीपी गजुरेल र नेकपाकी महिला नेतृ सरला रेग्मीले सम्बोधन गर्नुभएको थियो । लक्ष्मी मुड्भरीले अध्यक्षता गरेको उक्त कार्यक्रमको संचालन धिरिन्द्रा केसीले गर्नुभएको थियो ।

बर्दियामा फरक शैलीमा मनाइयो दिवस

नेपालगंजबाट प्राप्त समाचार अनुसार क्रान्तिकारी माओवादी निकटको अखिल नेपाल महिला संघ (क्रान्तिकारी)ले बर्दियामा फरक ढंगले १०८औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाएको छ ।

जनयुद्धकालीन माओवादी सेनाको झल्को दिने खालका कम्ब्याट ड्रेससहित ऱ्याली लिएर सडकमा निस्किएका क्रान्तिकारी महिलाहरूले सामन्ती तथा दलाल संसदीय व्यवस्थाका विरूद्ध संघर्ष गरौं, लैङ्गीक विभेद अन्त्य गरौ, जस्ता नाराहरू लगाउँदै बर्दियाको भूरिगाउँमा क्रान्तिकारी महिलाहरूले कोण सभा सम्पन्न गरे ।

अनेमसंघ (क्रान्तिकारी)की केन्द्रीय सचिवालय सदस्य दुर्गा, सदस्य गंगा, पार्टीका केन्द्रीय सदस्य भुपेन्द्र, पार्टी डिसिएस लोकेश लगायतको कार्यक्रममा विशेष उपस्थिति रहेको थियो ।

त्यसैगरी बाँकेमा पनि अनेमसंघ (क्रान्तिकारी)ले ऱ्याली सहित भव्य रूपमा श्रमिक महिला दिवस मनाइएको छ । जिल्लाको कोहलपुर चौराहमा सम्पन्न कार्यक्रमको अध्यक्षता सुनिता सिहंले गर्नुभएको थियो । महिला नेत्री भवानी हमाल, पार्टी सचिव अर्जुनलगायत नेताहरूले कार्यक्रममा मन्तव्य राख्नुभएको थियो ।

पोखराबाट प्राप्त समाचार अनुसार पोखरामा "क्रान्तिकारी महिलाहरूले १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्य रूपले सफल पारौं, महिलाहरूमाथि हुने सम्पूर्ण उत्पीडनको विरुद्ध संघर्ष गरौं, समान कामको समान ज्याला लागु गर, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरलगायतका नाराहरूसहित सडकमा निस्किएका सैयौं महिलाहरूको ऱ्याली सभामा परिणत भएको थियो ।

नेकपा (क्रान्तिकारी माओवादी) का पिबिएम तथा ४ नं. प्रदेश सचिव श्याम, देजमो कार्यालय सदस्य तथा ४ नं. संयोजक केशबहादुर परियारलगायत नेताहरूको उपस्थितिमा सम्पन्न श्रमिक महिला दिवसको अवसर पारेर अनेमसंघ (क्रान्तिकारी) कास्की जिल्लाको गठन पनि गरिएको थियो ।

बुटबलबाट प्राप्त समाचार अनुसार रूपन्देहीमा एक भव्य कार्यक्रमका बीच १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइएको छ । अनेमसंघ (क्रान्तिकारी) की जिल्ला नेतृ धनकुमारीको अध्यक्षता र नेतृ दिपा सिटौलाको संचालनमा भएको कार्यक्रमलाई पार्टीका विविएमद्वय केवी गुरुङ र प्रेम सुवेदीले सम्बोधन गर्नुभएको थियो ।

यसैबीच, आठ मार्चकै अवसर पारेर गरिएको रूपन्देहीको अनेमसंघ (क्रान्तिकारी)को जिल्ला भेलाले दिपा सिटौलाको नेतृत्वमा १३ सदस्यीय जिल्ला समिति पुनर्गठन गरेको छ ।

चितवन, गुल्मी, कपिलवस्तु, कञ्चनपुर, उदयपुर, ओखलढुंगा, सुनसरी, मोरङ, नवलपरासी, तेह्रथुम लगायतका जिल्लामा पनि ऱ्याली, कोणसभालगायतका कार्यक्रम गरी भव्य रूपमा आठ मार्च मनाइएको समाचार स्रोतले जनाएको छ ।

वामपन्थी...

बदलिएपछि जनयुद्धका महान उपलब्धिहरू गुम्दै जाँदा महिलाहरूले पाएको अधिकार पनि खोसिन थालेको दावी गर्नुभयो । जनयुद्ध संसदीय व्यवस्थालाई फालेर जनगणतान्त्रिक व्यवस्था स्थापित गर्नका लागि गरिएको प्रसंग कोट्याउँदै उहाँले वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक रूपमा विभेद र उत्पीडनमा परेका समुदायले आफ्नो मुक्तिका निम्ति फेरि क्रान्ति गर्न तयार हुनुपर्ने विचार राख्नुभयो ।

शान्तिपूर्ण कार्यक्रममा समेत आफूलाई वाम भन्ने सरकारले हस्तक्षेप गर्ने र नेता कार्यकर्ताहरूलाई धरपकड गर्न थालेको भन्दै नेता गजुरेलले क्रान्तिका निम्ति सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकजुट भएर दमनको प्रतिरोध गर्नुपर्ने आवश्यकता औल्याउनु भयो ।

क्रान्तिकारी माओवादी र नेकपा निकट महिला संगठनहरूले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै नेकपाकी महिला नेतृ सरला रेग्मीले ओली र प्रचण्ड क्रान्तिकारीहरूका विरुद्ध फासिवादी ढंगले दमनमा उत्रिन खोजेको आरोप लगाउँदै क्रान्तिकारीहरूले एकताबद्ध भएर त्यसको प्रतिरोध गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

महिलाहरू अहिले पनि हत्या, हिंसा र बलात्कारको शिकार भइरहेको चर्चा गर्दै वर्तमान दलाल राज्यव्यवस्थाबाट श्रमजीवी तथा उत्पीडित महिलाहरूले आफ्नो जिउधनको सुरक्षाको महसुस गर्न नसकेको दावी गर्नुभयो र जनताको व्यवस्थामा मात्र महिला सुरक्षित हुन सक्ने धारणा राख्नु भयो । त्यसका लागि नयाँ शिराबाट महिला मुक्ति आन्दोलनलाई अगाडि बढाउन र त्यो आन्दोलनमा आफूलाई सरिक गराउन शोषित उत्पीडित महिलाहरू तत्पर रहनु पर्ने विचार व्यक्त गर्नुभयो ।

क्रान्तिकारी माओवादी निकट अनेमसंघ (क्रान्तिकारी)की अध्यक्ष लक्ष्मी मुड्भरीले अध्यक्षता गरेको कार्यक्रमको सञ्चालन नेकपा निकट अनेमसंघ क्रान्तिकारीकी उपाध्यक्ष धिरिन्द्रा उपाध्याय भृकुटीले गर्नुभएको थियो । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा महिला फ्र्याक्सन इन्चार्ज रामसिंह श्रीस, नेकपाका नेता आघात केसीलगायतका नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा सामना साँस्कृतिक परिवारका कलाकारहरूले क्रान्तिकारी गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

भ्रष्टाचार र अनियमितताका विरुद्ध देजमोको ताला

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज अशोक शर्माको नेतृत्वमा गएको एक टोलीले व्यापक आर्थिक अनियमितता गरिएको भन्दै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यालयमा बुधबार तालाबन्दी र विरोध प्रदर्शन गरेको छ । कार्यलय प्रमुख सोमनाथ घिमिरेले पदको दुरूपयोग गरेर जोन संचालक समितिका अध्यक्ष बालिका कुमारी गिरी समेतको मिलोमतोमा आफ्नै परिवारको सदस्य समेत सहभागी गराई कार्यालयबाट प्रवाहित हुने सेवा र योजना नारायणी एग्रो कम्पनी र दोभान एग्रो फार्म दर्ता गरेर आफ्नै कम्पनीमा अधिकांश योजना बिनियोजन गरेर वास्तविक किसानहरूलाई पछि पारेको आरोप देजमो चितवनको छ । देजमो चितवनका अध्यक्ष अशोक शर्माका अनुसार किसानले पटकपटक निवेदन दिदा अहिले योजना छैन पछि आउनु भन्दै हप्काएर पठाउने सोमनाथ घिमिरेले सबै योजना आफ्नो फर्ममा पार्ने मात्रै हैन कतिपय योजना बिल पेश गरेर कामै नगरी किर्ते गरि रकम हिनामिना गरेको गुनासो आफुहरू समक्ष आएपछि प्रमुख जिल्ला अधिकारि सहित सम्बन्धित निकायमा निवेदन दिई छानबिनको माग आफुहरूले गरेको पनि बताएका छन् ।

स्थानीय किसान केदार परियार र डम्बर मगर भन्छन्, 'यो कार्यालयले किसानलाई भन्दा पनि हाकिम र कर्मचारीको मात्रै हित गरेको छ । कार्यालयमा कर्मचारी भेट्नै मुस्किल हुन्छ सेवाग्राही अमित सापकोटाको गुनासो थियो ।'

देजमो चितवनका अध्यक्ष अशोक शर्मा, क्रान्तिकारी माओवादीका नेता घननाथ सापकोटा विकाशको नेतृत्वमा गएका कार्यकर्ताले मुलगेटमा विरोध ब्यानर, कार्यालयको बोर्डसंगै भ्रष्टाचार कार्यालय लेखिएको बोर्ड टांगेका थिए भने कर्मचारी बाहिर निकालेर कार्यालयमा तालाबन्दी गरेका थिए ।

देजमोको विरोधलाई स्थानीय जनताले चासोका साथ हेरेका थिए । तरकारी खेती गर्दै आएका दिनेश घिमिरेले भने, 'यसरी जनताको करबाट संचालित योजनामा भ्रष्टाचार गर्ने कर्मचारीलाई कारवाही गरेर देजमोले राम्रो काम गरेको छ ।'

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तरकारी जोन, चितवनका कार्यालय प्रमुख सोमनाथ घिमिरे लगायतका कर्मचारीहरले व्यापक आर्थिक अनियमितता गरेको विषयलाई लिएर पटक-पटक प्रमुख जिल्ला अधिकारी लगायतका निकायमा ध्यानाकर्षण गराउँदा समेत त्यसको कुनै सुनुवाई नभएकोले मोर्चाले तालबन्दी गर्नु परेको स्पष्ट पारेको छ । मोर्चाले परियोजनामा भएको अनियमितताको छानविन गरी कार्वाहीको माग राख्दै माघ २८ गते प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको थियो ।

सहिद...

ललितपुरका पार्टी सचिव श्याम केसीले संचालन गरेको उक्त कार्यक्रममा स्थायी समिति सदस्य हरिभक्त कँडेल, पिविएम पवनमान श्रेष्ठ लगायतका नेताहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा क्रान्तिकारी माओवादी भक्तपुर पार्टी सचिव श्रीकृष्ण सुलुले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमा शहीद तथा वेपत्तायोद्धा परिवारका सदस्यहरूलाई सम्मान पत्र प्रदान तथा दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

कैलाली...

वक्तव्यमा भनिएको छ, 'आज देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । देशमा महंगी, भ्रष्टचार, हत्या, हिंसा, बलत्कारका घटनाहरूले कहालीलाग्दो रूप लिदै गइरहेको छ । लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात् महिलाहरूमाथि मानवीय संवेदनाहीन मध्ययुगीन बर्बरतालाई नै बिर्साउने खालका हजारौं घटनाहरू घटिरहेका छन् । चाहे त्यो बोक्सीको नाउँमा होस्, चाहे दाइजोको नाउँमा या बालिकाहरूसहितका बलत्कारका जघन्य अपराधका घटनाहरूले मानव सभ्यतालाई नै लज्जित तुल्याइदिएका छन् ।'

'हालै केलालीमा बोक्सीको आरोपमा सिंगो समाज नै जम्मा भएर सार्वजनिक ठाउँमा जनप्रतिनिधिको समेत उपस्थितिमा एउटी निर्दोष महिलामाथि घण्टौंसम्म निर्घात रूपमा कुटपिट गरिएको घटनाले हामीलाई स्तब्ध र गम्भीर तुल्याएको छ । उक्त घटनाले नेपाली समाजको सभ्यतालाई विश्वसामू छर्लङ्ग पारिदिएको छ । तर विडम्बना, यो देशको वामहरूको सरकार उक्त घटनाको मुकदर्शक बनिरहेको छ । सरकार अपराधीहरूलाई दण्डित गर्ने भन्दा पनि मेलमिलाप गराएर प्रोत्साहन गर्ने र पीडितहरूको स्वाभिमानलाई कुल्चने काम गर्दै आइरहेको छ । सरकारका यी रवैयाप्रति हाम्रो संगठन घोर निन्दा एवं भर्त्सना गर्दछ र कैलाली घटनाका अपराधीहरूलाई कडा भन्दा कडा कार्वाहीको माग गर्दछ । साथै पीडित महिलालाई क्षतिपूर्तिसहित यथाशीघ्र स्वास्थ्य उपचारका लागि जोडदार माग गर्दछ ।' वक्तव्यमा भनिएको छ ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवद्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य वस्तुहरु

प्रकाशक : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।